www.souryonline.com

# सौर्य दैनिक









## महँगीको मारमा मधेस

■ राजेश बर्मा




काठमाडौं । मधेसमा सबैभन्दा बढी महँगी बढेको छ। काठमाडौं उपत्यका, पहाडी र हिमाली भेगको तुलनामा मधेसमा महँगी उच्च दरमा बढेको हो । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष ०७९/८० को गत भदौ मसान्तसम्मको तथ्यांकको आधारमा सार्वजनिक गरेको विवरणअनुसार मधेसमा महँगी (मुद्रास्फीति) ९ दशमलव ३३ प्रतिशत रहेको पाइएको छ।

काठमाडौं उपत्यकामा भने ७ दशमलव ६२, पहाडी भेगमा ८ दशमलव ८२ र हिमाली भेगमा ६ दशमलव ६८ प्रतिशतले महँगी बढेको छ । गत वर्ष भदौमा काठमाडौं उपत्यकामा ३ दशमलव २३ प्रतिशत, तराईमधेसमा ३ दशमलव ६५, पहाडी भेगमा ३ दशमलव ९६ र हिमाली भेगमा ३ दशमलव ५१ प्रतिशत महँगी थियो ।

तथ्यांकअनुसार, चालु आर्थिक वर्षको भदौमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८ दशमलव ६४ रहेको पाइएको छ। अघिल्लो वर्ष सोही महिनामा मुद्रास्फीति ३ दशमलव ४९ प्रतिशतमा थियो। ०७८ भदौको तुलनामा चालु आर्थिक वर्षको भदौमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत फलफूलतर्फ १७ दशमलव २९ प्रतिशतले मूल्यवृद्धि भएको थियो ।

यसैगरी घ्यु तथा तेलतर्फ १४ दशमलव ५३ प्रतिशत, रेस्टुरेन्ट तथा होटेलतर्फ १२ दशमलव ३०, मदिराजन्य पेय पदार्थतर्फ १० दशमलव २४ प्रतिशत र तरकारीतर्फ ९ दशमलव ९४ प्रतिशतले मूल्य वृद्धि भएको थियो । उपभोग्य बस्तुतर्फ १२ दशमलव ९१ प्रतिशत, मध्यवर्ती बस्तुतर्फ १५ दशमलव ९३ प्रतिशत र पुँजीगत बस्तुतर्फ ६ दशमलव ३६ प्रतिशतले थोक मूल्य वृद्धि भएको छ। यस्तै निर्माण सामग्रीतर्फ १९ दशमलव ३६ प्रतिशतले मूल्य वृद्धि भएको पाइएको छ।

यसैगरी चालु आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौको अन्त्यसम्म १ खर्ब ८७ अर्ब ४ करोड रुपैयाँ बराबरको विप्रेषण भित्रिएको छ। विप्रेषण आप्रवाह १९ दशमलव ८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५ दशमलव ८ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह ११ दशमलव ३ प्रतिशतले वृद्धि भएर १ अर्ब ४७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ५ दशमलव ३ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १ सय ७० प्रतिशतले वृद्धि भएर १ लाख ३ हजार ९ सय ९८ पुगेको छ।

सरकारको चालु खाता घाटा ३७ अर्ब १८ करोड

चालु आर्थिक वर्ष ०७९/८० को पहिलो दुई महिना अवधिमा सरकारको चालु खाता घाटा ३७ अर्ब १८ करोड पुगेको छ । भदौ मसान्तसम्ममा चालु खाता २९ करोड १७ लाख अमेरिकी डलरले घाटामा रहेको देखिएको हो । गत आर्थिक वर्ष ०७८/७९ को सोही अवधिमा चालु खाता घाटा १ खर्ब ६ अर्ब ८ करोड बराबर थियो ।

यसैगरी भदौ मसान्तसम्ममा शोधनान्तर स्थिति २३ अर्ब ६८ करोडले घाटामा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ९४ अर्ब ८० करोडले घाटामा थियो । चालु आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा विदेशी विनिमय सञ्चितिमा पनि कमी आएको छ । गत असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी

बाँकी पृष्ठ २

### 'आफ्नो पार्टीलाई मात्र भोट हाल्नु आत्मघाती कदम'

# सत्ता गठबन्धनभित्र अन्तरघातको त्रास

■ सौर्य समाचार



काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन आगामी मंसिर ४ गते हुँदै छ। उक्त निर्वाचनमा फरकफरक सिद्धान्त र विचारधारा बोकेका दलहरूले चुनावी तालमेल गरेका छन् । एकातिर सत्ता गठबन्धन दलहरूले चुनावी तालमेल गरेका छन् भने अर्कोतिर नेकपा एमालेले पनि यसपटक चुनावी तालमेलमा जोड दिएको छ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा सत्ता गठबन्धनसँग एक्लै लड्दा अपेक्षित नतिजा ल्याउन नसकेपछि एमालेले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राप्रपा नेपाल र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीसँग चुनावी तालमेल गरेको हो ।

फरकफरक सिद्धान्त र विचारधारा बोकेका दलहरूबीच चुनावी तालमेल हुँदा यतिबेला दलका शीर्ष नेताहरूलाई भने एउटा पार्टीका कार्यकर्ताले अर्को पार्टीका उम्मेद्वारलाई मत नदेलान् भन्ने चिन्ताले सताएको देखिन्छ ।

स्थानीय तहको निर्वाचनदेखि नै चुनावी तालमेल गर्दै आएको सत्ता गठबन्धनभित्र सबैभन्दा बढी यसको त्रास देखिएको छ । सत्ता गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा (राजमो) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) आबद्ध छन् । त्यसमध्ये पनि खासगरी कांग्रेसका नेता/कार्यकर्ताबाट आफूहरूलाई धोका हुनसक्ने भन्दै गठबन्धनमा आबद्ध अन्य दल सबैभन्दा बढी चिन्तित देखिएका छन् ।

आगामी निर्वाचनका लागि मनोनयनपत्र दर्ता गराउँदा पनि कांग्रेसका थुप्रै नेता/कार्यकर्ताले बागी उम्मेदवारी दिएका छन् । खासगरी अन्य दलको भागमा परेका निर्वाचन क्षेत्रहरूमा कांग्रेसका नेता/कार्यकर्ताले बढी बागी उम्मेद्वारी दिएको देखिन्छ। आफ्नो पार्टीको भागमा परेको निर्वाचन क्षेत्रमा भने कांग्रेसबाट बागी उम्मेद्वारी परेको देखिँदैन ।

केही निर्वाचन क्षेत्रमा अन्य पार्टीका नेता/कार्यकर्ताबाट पनि एकअर्काविरुद्ध बागी उम्मेद्वारी परेको छ। यसरी ठूलो संख्यामा बागी उम्मेद्वारी परेपछि कांग्रेससँगै गठबन्धनमा आबद्ध अन्य दलले पनि आफ्ना नेता/कार्यकर्तालाई बागी उम्मेदवारी निष्क्रिय गराउन निर्देशन दिएका छन् । उम्मेद्वारी निष्क्रिय नगराए कडा कारबाही गरिने चेतावनी पनि दिइएको छ ।

यसका बाबजुद थुप्रै बागी उम्मेद्वारले अहिले पनि आफ्नो उम्मेद्वारी निष्क्रिय गराएका छैनन् । चुनावको मिति नजिकिँदै गर्दा सत्ता गठबन्धन दलहरूभित्र यो सबैभन्दा ठूलो समस्याका रूपमा देखिएको छ। अर्कोतिर, बागी उम्मेद्वारी नपरेका स्थानमा समेत एउटा पार्टीका मतदाताले अर्को पार्टीका उम्मेद्वारलाई मत नदेलान् भन्ने त्रास पनि शीर्ष नेताहरूमा देखिएको छ ।

खासगरी नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका शीर्ष नेताहरू यसमा बढी नै सशंकित देखिएका छन् । कांग्रेसका मतदाताको मत आफ्ना उम्मेद्वारलाई नपर्ने आशंका उनीहरूमा देखिन्छ । माओवादी केन्द्र र एकीकृत समाजवादीका शीर्ष नेताहरूले सार्वजनिक रूपमै पनि यस्तो आशंका व्यक्त गर्दै आएका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अन्तिम समयमा आएर चितवन छाडेर गोरखाबाट उम्मेद्वारी दिने निर्णय गर्नुलाई पनि यसैसँग जोडेर हेर्ने गरिएको छ ।

पछिल्लो समय सत्ता गठबन्धन दलका चुनाव लक्षित कार्यक्रम, प्रशिक्षण र भेलाहरूमा पनि अन्तरघात र 'मत ट्रान्सफर'को विषय गम्भीर रूपमा उठने गरेको छ । फरकफरक सिद्धान्त बोकेका दलहरूबीच चुनावी गठबन्धन हुनु र विगतमा माओवादी जनयुद्धका क्रममा कांग्रेस र माओवादीका बीचमा देखिएको तिक्त सम्बन्धका कारण पनि मत 'ट्रान्सफर' मा समस्या देखिन सक्ने चिन्ता नेताहरूले व्यक्त गर्न थालेका हुन् ।

यसैक्रममा, शुक्रबार पोखरामा आयोजित सत्ता गठबन्धनको चुनावी प्रशिक्षण कार्यक्रममा पनि शीर्ष नेताहरूले यसप्रति गम्भीर चासो व्यक्त गरेका छन् । कार्यक्रममा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आगामी चुनावमा आफ्नो पार्टीलाई मात्र भोट हाल्नु आत्मघाती कदम हुने चेतावनी दिए ।

'लामो समयको गठबन्धनपछि पनि एउटा पार्टीका कार्यकर्ता अर्को पार्टीका उम्मेद्वारलाई भोट दिन हच्किएको भन्ने सुन्नमा आएको छ । हँसिया हथौडालाई रुखमा, रुखलाई हँसिया हथौडामा वा कलममा मत हाल्न गाह्रो भएको महसुस गरेको सुन्ने गरेका छौँ। गठबन्धन गर्दा नै हामीले सबै चुनाव चिन्ह स्वीकार गरिसकेका छौँ। आफ्नो पार्टीलाई मात्र भोट हाल्छु भन्नु आत्मघाती कदम हुनेछ,' उनले भने ।

कांग्रेसलाई गठबन्धनमा रहेका पार्टीका थोरै भोट प्राप्त हुँदा पनि लाभ हुने तर, त्यही अनुपातमा गठबन्धनका अन्य दलले लाभ लिन नसक्ने सम्भावना देखेपछि माओवादी र एकीकृत समाजवादीका नेताहरूले निरन्तर मत ट्रान्सफर'को विषय उठाउँदै आएका हुन् । प्रचण्डले यस्तो चिन्ता केही दिनअघि काठमाडौंमा आयोजित सत्ता गठबन्धनको चुनावी कार्यक्रममा पनि व्यक्त गरेका थिए ।


स्थानीय तह निर्वाचनमा तालमेलअनुसार, माओवादीले गठबन्धनमा इमानदारी देखाएर कांग्रेसका उम्मेदवारलाई मत दिएको तर, सोही अनुपातमा कांग्रेसका नेताहरूको मत भने माओवादी, एकीकृत समाजवादी लगायतका दलका उम्मेद्वारले पाउन नसकेको दाबी गठबन्धनमा आबद्ध अन्य दलका नेताहरूले गर्दै आएका छन् ।

यसपटक देशैभर स्वतन्त्र उम्मेद्वारको संख्या झनै बढी रहेको र गठबन्धनप्रति असन्तुष्टहरूको मत स्वतन्त्रतिर जाँदा विपक्षी गठबन्धनका उम्मेदवारहरू विजयी बन्नसक्ने आशंका शीर्ष नेताहरूमा देखिन्छ । निर्वाचन आयोगको विवरणअनुसार प्रतिनिधिसभामा २ हजार ४ सय ३ र प्रदेशसभामा ३ हजार २ सय १७ जना स्वतन्त्र उम्मेद्वार उठेका छन् । तीमध्ये अधिकांश राजनीतिक दलमा आबद्ध नेता/कार्यकर्ता छन् ।

त्यसैलाई ध्यानमा राखी गठबन्धनका शीर्ष नेताहरूले विगतको आग्रह/पूर्वाग्रह त्याग्न र गठबन्धन पाँच वर्षसम्मै जाने भएकाले गठबन्धनका दलहरूलाई नै मत दिन निरन्तर आग्रह गरिरहेका छन् । खासगरी कांग्रेसभित्र संस्थापन पक्ष, डा.शेखर कोइराला पक्ष र अन्य पक्षका नेताहरूको पनि छुट्टाछुट्टै समूह रहेको तथा टिकट वितरणमा समेत कांग्रेसभित्र असमझदारी देखिएका कारण त्यसको असर चुनावमा आफूहरूलाई पर्नसक्ने आशंका गठबन्धनमा आबद्ध कांग्रेस बाहेकका दलमा देखिन्छ । त्यसैले पनि उनीहरूले निरन्तर सत्ता गठबन्धनको बैठक र आन्तरिक चुनावी कार्यक्रममा मत 'ट्रान्सफर'को विषय उठाउँदै आएको देखिन्छ ।

'गठबन्धन गर्दा स्थानीय तहको निर्वाचनमा सबैभन्दा बढी कांग्रेसले लाभ लिएको छ भने अरूले पनि लिएका छन् । तर, सोचेजस्तो भएन', शुक्रबार पोखरामा आयोजित

बाँकी पृष्ठ २



# गुरुङको उम्मेद्वारी खारेज



■ सौर्य समाचार

काठमाडौं । रूपन्देही निर्वाचन क्षेत्र नम्बर २ का नेकपा एकीकृत समाजवादीका उम्मेद्वार राजु गुरुङको उम्मेद्वारी खारेज भएको छ । सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको इजलासले शुक्रबार गुरुङको उम्मेद्वारी तत्काल खारेज नगर्न यसअघि सर्वोच्चले नै दिएको अल्पकालीन अन्तरिम आदेश निरन्तरता नदिने आदेश दिएको हो ।

सर्वोच्चले गुरुङ कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेकाले प्रतिनिधिसभा निर्वाचनमा उम्मेद्वार हुन नपाउने प्रारम्भिक दृष्टिकोण दिएको हो । 'निवेदक राजु गुरुङले ०७४ सालमा कालोसूचीमा राखिएको कुरालाई लिएर कुनै कानुनी उपचार प्राप्त गरेको भन्ने पनि देखिएन । कालोसूची कायम रहेको भन्ने देखियो', आदेशमा भनिएको छ, ' कालोसूचीमा नाम समावेश रहेको सम्बन्धी अयोग्यता निवेदक राजु गुरुङमा कायम रहेको देखिँदा निजले प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा उम्मेद्वार हुन पाउने अवस्था देखिएन । कालोसूचीमा नाम कायम रहेका व्यक्तिले उल्लिखित निर्वाचनमा उम्मेद्वार हुन नपाउने भएकाले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन ।' यसअघि रूपन्देही २ का निर्वाचन अधिकृत उदवीर नेपालीले गुरुङको नाम कालोसूचीमा रहेको भन्दै उम्मेद्वारी खारेज गरिदिएका थिए ।

निर्वाचन अधिकृतको निर्णयविरुद्ध गुरुङले सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले गुरुङको उम्मेद्वारी खारेज तत्काल खारेज नगर्न अल्पकालीन अन्तरिम आदेश दिँदै दुबै पक्षलाई छलफलमा बोलाएको थियो ।

दुबै पक्षसँगको छलफलपछि शुक्रबार न्यायाधीश खतिवडा र रेग्मीको इजलासले गुरुङ ०७४ सालदेखि कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको र त्यसमा कुनै कानुनी उपचार प्राप्त नगरेकाले कालो सूचीमा कायम रहेको देखिएको र उम्मेद्वार हुन नमिल्ने ठहर गरेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-२०७४ को दफा १३ (ज) मा कालोसूचीमा रहेको व्यक्ति त्यस अवधिभर उम्मेद्वार हुन नपाउने व्यवस्था छ ।

## सत्ता...

कार्यक्रममा प्रचण्डले भनेका छन्, 'गठबन्धनलाई भोट हाल्दिनँ भन्दा पाप पलाउन सक्छ, पाप धुरीबाट कराउँछ ।'

पोखराको कार्यक्रमपछि शुक्रबार नै बुटवल पुगेका प्रचण्डले त्यहाँ पनि यही विषयलाई प्रमुखताका साथ उठाएका थिए । प्रचण्डले आगामी चुनावमा सत्ता गठबन्धन दलमा आबद्ध सबै दलले इमानदारी देखाएर गठबन्धनको मर्मअनुसार मतदान गर्न आग्रह गरे । गठबन्धनमा रहेका दलका नेता कार्यकर्ताले आफ्नो दललाई मात्रै जिताउने र अरूले जे सुकै गरुन् भनेर सोच्न नहुने बताउँदै उनले गठबन्धनमा रहेका सबै दलले चुनाव जित्ने गरी तयारी गर्नुपर्ने धारणा व्यक्त गरे ।

सत्तारूढ गठबन्धन चुनावपछि पनि निरन्तर रहने भन्दै प्रचण्डले गठबन्धनमा रहेका सबै दल एउटै डुंगामा रहेको र जिते सबैले जित्ने र हारे सबैले हार्ने स्थिति रहेको पनि बताए । 'हामी कसैले पनि चुनाव सकिएपछि गठबन्धन सकिन्छ, त्यसैले मेरो पार्टीलाई मात्र जिताउँछु अरू जेसुकै गरुन् भनेर नसोचौं । त्यसरी सोच्यो भने आत्मघाती हुनेवाला छ, हामी एउटै डुंगामा छौं', उनले भनेका छन् ।

गठबन्धनमा आबद्ध अन्य दलले यस्तो चिन्ता गरिरहे पनि कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले भने आगामी चुनावमा कुनै धोका नहुने आश्वासन दिँदै आएका छन् । शुक्रबार प्रचण्डले मत ट्रान्सफरको विषयमा चिन्ता व्यक्त गरेपछि प्रधानमन्त्री देउवाले गठबन्धनमा शंका नगर्न आग्रह गरेका थिए । 'गठबन्धन नगर्ने हो भने कुनै पार्टीको बहुमत आउनै सक्दैन, त्यसैले पार्टीहरू मिल्नुपरेको छ', प्रधानमन्त्रीले भने 'गठबन्धनका साथीहरूलाई शंका पैदा गर्ने, मतभिन्नता ल्याउने कुनै पनि काम नगरौं,' अन्य दलका नेता/कार्यकर्तालाई आश्वस्त पार्दै उनले भनेका छन् ।

यसैबीच, बुटवलमा आयोजित कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रतिगामी शक्तिसँग साँगगाँठ गरेको आरोप लगाएका छन् । अध्यक्ष नेपालले ओलीले राप्रपाजस्ता प्रतिगामी शक्तिसँग साँठगाँठ गरेकाले गणतन्त्र खतरामा पार्ने भन्दै होसियार रहन आग्रह गरे ।

उनले ओलीले थोरै मात्रै शक्ति आर्जन गरे आफूहरू देश छाडेर भाग्नु पर्ने अवस्था आउने बताए । 'मैले धेरैबाट सुनेको छु, केपी ओली सुध्रनेवाला छैनन्, भनेपछि कताकता एउटा नयाँ तानाशाहको जन्म, कताकता नयाँ हिटलरको जन्म भए जस्तो लाग्दछ, त्यो हुनाले होसियार, गणतन्त्र खतरामा हुन्छ,' उनले भने, 'केपी ओलीले अलिकति शक्ति आर्जन गरे भने बहुमतको त कुरै छोड्नुस्, देशपछि देश छोडेर भाग्नु पर्ने हुन्छ, यिनले गणतन्त्रलाई जोखिममा पार्ने छन् ।'

ओली राजसंस्थालाई पुनर्स्थापित गर्ने, देशमा घात गर्ने शक्तिसँग मिलेकाले उनीबाट गणतन्त्र खतरामा पर्ने देखिएको अध्यक्ष नेपालको तर्क थियो । उनले ओली सरकारमा रहँदा मुलुकमा अनुचित कार्य भएको दोहोर्‍याउँदै अझै उनमा सुधारको सम्भावना नदेखिएको बताए । अध्यक्ष नेपालले सत्ता गठबन्धन भने देशको आवश्यक्ता भएको उल्लेख गरे । उनले देशमा संविधान रक्षा गर्न, लोकतन्त्रलाई सुदृढ बनाउन आफूहरूले गठबन्धन गर्नु परेको दाबी गरे ।

## महँगीको...

सञ्चितिमा २ दशमलव २ प्रतिशतले कमी आएर भदौ मसान्तमा ११ खर्ब ८९ अर्ब १६ करोड कायम भएको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकसँग १० खर्ब ५१ अर्ब ५३ करोड र बैंक तथा वित्तीय संस्थासँग १ खर्ब ३७ अर्ब ६३ करोड रहेको छ । भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव ३ प्रतिशत थियो । चालु आर्थिक वर्षको पहिलो दुई महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले नौ महिनाको वस्तु आयात धान्न सक्ने देखिएको छ ।

**दुई महिनामा व्यापार घाटा २ खर्ब ४४ करोड**

आर्थिक वर्ष ०७९/८० को पहिलो दुई महिनामा वैदेशिक व्यापार घाटा २ खर्ब ४४ अर्ब ९३ करोड पुगेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार, सो अवधिमा नेपालले कुल २ खर्ब ७३ अर्ब ६० करोड बराबरको सामान आयात गरेको छ भने २८ अर्ब ६८ करोड बराबरको सामान निर्यात गरेको छ । राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको पहिलो दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सामान निर्यात ३४ दशमलव ९ प्रतिशतले घटेको छ भने आयात पनि १३ प्रतिशतले घटेको छ । गन्तव्यका आधारमा भारत र चीनतर्फ भएको निर्यातमा क्रमशः ४५ दशमलव २ प्रतिशत र २१ दशमलव ६ प्रतिशतले कमी आएको छ भने अन्य मुलुकतर्फको निर्यात १३ दशमलव २ प्रतिशतले बढेको छ ।

जिंक सिट, ऊनी गलैंचा, पार्टिकल बोर्ड, तयारी पोसाक, आयुर्वेदिक औषधिलगायत वस्तुको निर्यात बढेको छ भने सोयाबिन तेल, पाम तेल, पिना, अलैंची, दन्त मञ्जनलगायत वस्तुको निर्यात घटेको छ । पेट्रोलियम पदार्थ, रासायनिक मल, स्पञ्ज आइरन, औषधि, हवाइजहाज तथा स्पेयर पार्टपुर्जालगायत वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टपुर्जा, चाँदी, कच्चा सोयाबिन तेल, हट रोल्ड सिट इन क्वाइल, एमएसब्लेटलगायत वस्तुको आयात घटेको छ ।

**विदेशी मुद्रा सञ्चिति २ दशमलव २ प्रतिशतले कमी**

सरकारले आयातमा कडाइ गरे पनि विदेशी मुद्रा सञ्चिति रित्तिँदै गएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको आर्थिक तथा वित्तीय स्थिति विवरणअनुसार २ महिनामै २६ अर्ब ६४ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा सञ्चिति घटेको छ ।

आर्थिक वर्ष ०७८/७९ को अन्त्यसम्ममा कुल १२ खर्ब १५ अर्ब ८० करोड रुपैयाँ बराबर विदेशी विनिमय सञ्चिति रहेकोमा भदौ मसान्तसम्म आउँदा थप २ दशमलव २ प्रतिशतले कमी आएर ११ खर्ब ८९ अर्ब १६ करोड रुपैयाँमा झरेको छ । सरकारले विदेशी मुद्रा सञ्चिति घटेको भन्दै सरकारले हाल तीन सय अमेरिकी डलरमाथिका मोबाइल, कार, जिप, भ्यान, १ सय ५० सिसी माथिका मोटरसाइकल तथा विदेशी तयारी मदिराको आयातमा प्रतिबन्ध यथावत छ ।चालु आवको सुरुआती दुई महिनामा अमेरिकी डलर सञ्चिति दुई प्रतिशत घटेको छ । गत आवको अन्त्यसम्ममा ९ अर्ब ५४ करोड डलर रहेको सञ्चिति भदौ मसान्तसम्म ९ अर्ब ३५ करोड कायम भएको छ। हाल कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा १० खर्ब ५१ अर्ब ५३ करोड छ भने बैंक तथा वित्तीय संस्था (राष्ट्र बैंकबाहेक) सँग १ खर्ब ३७ अर्ब ६३ करोड कायम भएको छ । भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव ३ प्रतिशत रहेको छ । असार मसान्तसम्म १३ खर्ब ९९ अर्ब रुपैयाँ बराबर विदेशी मुद्रा सञ्चिति थियो । सञ्चिति घटेपछि सरकारले वैशाख १४ देखि १० प्रकारका वस्तु आयात प्रतिबन्ध गरेको थियो । प्रतिबन्धलाई खुकुलो गर्दै भदौ १४ देखि ६ प्रकारका वस्तु आयात खुलाइएको थियो । यी चार प्रकारका वस्तुको आयात प्रतिबन्ध मंसिर मसान्तसम्मका लागि कायम गरिएको छ ।


**माईग्रेसन हरायो**

मिति २०७९/०६/०१ गते काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकाको वडा नं. ३२ जडिबुटीबाट कोटेश्वर हुँदा बानेश्वर जाने क्रममा मेरो निम्न ब्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नाम : निरुता उप्रेती
माईग्रेसन नम्बर : एम०५३७०४१
सिम्बोल नं : ७७०२५०
ठेगाना : कोटेश्वर, काठमाडौं
सम्पर्क नं : ९८०९१४८५४१


प्रमुख निर्वाचन आयुक्तको प्रश्न :

# 'स्पष्टीकरण सोध्दा रोइलो किन ?'

■ सौर्य समाचार

विराटनगर । निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण सोध्दा पनि ठुलै विवादको विषय बनाउन थालिएको गुनासो गरेका छन् । उनले आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण सोध्नु सामान्य प्रक्रिया भएको र यसमा रोइलो गर्नुपर्ने कुनै कारण नरहेको बताए ।

प्रदेश-१ को विराटनगरमा शुक्रबार प्रदेशस्तरीय मिडिया अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै उनले स्पष्टीकरण सोध्नु भने को कारबाही नभई कारबाही प्रक्रियाको प्रारम्भ मात्र भएको बताए । थपलियाले गत स्थानीय तहको निर्वाचनमा देखिएका समस्याहरू नदोहोरिने गरी निर्वाचन आयोगले आगामी निर्वाचनको तयारी गरिरहेको जानकारी पनि दिए ।

'स्पष्टीकरणले नै तरंग पैदा भएको अवस्थामा आयोगले थप कारबाही गर्नुपर्दा भावी दिनमा भूकम्प पो आउने हो कि ?', थपलियाले भने, 'निर्वाचनलाई खर्चिलो र भड्किलो हुन नदिन आयोगले आचारसंहिता पालना गर्न अनुरोध गरेको छ, त्यो आचारसंहिता पनि राजनीतिक दलहरूकै अनुरोधमा तयार गरिएको हो ।'

आयोगले पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई बिहीबार स्पष्टीकरण सोध्ने मात्र होइन, रौतहट प्रहरीलाई कानुनअनुसार कारबाहीको निर्देशनसहित पत्र पनि पठाएपछि आयोगको काम कारबाही चर्चामा आएको थियो ।

त्यसअघि आयोगले अर्का पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि स्पष्टीकरण सोधेको थियो । आयोगले निर्वाचनको मिति घोषणा भई आचारसंहिता समेत लागू भइसकेको अवस्थामा दूरगामी प्रभाव पार्ने निर्णयहरू गरेको भन्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत स्पष्टीकरण सोधेको थियो ,प्रधानमन्त्री पत्नी डा. आरजु राणा देउवालाई उन्मुक्ति दिने र उही प्रकृतिको अभिव्यक्तिमा एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई भने स्पष्टीकरणले मात्र नभई कारबाहीका लागि पत्र नै पठाएपछि आयोगको काम कारबाहीमाथी प्रश्न उठाइएको थियो ।

व्यवस्थित, मर्यादित र विश्वसनीय निर्वाचनका लागि आयोगले दुई वटा नारा अगाडि सारेको जानकारी पनि थपलियाले दिए । निर्वाचन पद, पैसा र पहुँचले प्रभावित हुनु हुँदैन, निष्ठा विचार र सिद्धान्तबाट निर्देशित हुनुपर्छ भन्ने नारा आयोगले अगाडि सारेको उनले बताए । आयोगले निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गरौं भन्ने योजना पनि अगाडि सारेको बताए ।


**शिवसताक्षी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
झ्याइडाडा, झापा
१ नं. प्रदेश

**बोलपत्र स्वीकृति गर्ने आसयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।०५**

यस कार्यालयको मिति २०७९।०६।०२ गते राष्ट्रिय दैनिक दैनिकमा प्रकाशित "Resufacing of Dundamai Hawaldar Chowk Road & Jhijhile Bazar" बोलपत्र आव्हानको सूचना अनुसार यस कार्यालयमा दर्ता भएका बोलपत्रहरु मूल्यांकन गर्दा निम्न फर्मको कुल कबोल अंक न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि यो सचुना प्रकाशन गरिएको छ ।

निम्न :-

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु |
|---|---|---|---|---|
| १ | SM/NCB/ 02/2079/080 | Raesurfacing of Dundamari Hawaldar Chowk Road & Jhiljhile Bazar | Global Construction Shivasataskhi Municipality 09, Jhapa | ५८,२०,१२९।४१ (अन्ठाउन्न लाख बिस हजार एक सय उनान्तीस रुपैयाँ एकचालिस पैसा मात्र) |



**सोताङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोताङ, सोलुखुम्बु**
**प्रदेश नं. १, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारी खरिद सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशन मिति: २०७९/०७/०५)**

यस कार्यालयको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख. बमोजिम उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले आ-आफ्नो फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख. को उपनियम (२) अनुसार उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०७९/०७/१९ गते दिउँसो १२ बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित उत्पादक कम्पनी तथा आधिकारिक बिक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छामिति २०७९/०७/१९ गते दिउँसो १२ बजे भित्र यस कार्यालयमा दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरू सोही दिन दिउँसो २ बजे खोलिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । प्रस्ताव दर्ता गराउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो कार्य क्रमशः अर्को दिन हुनेछ ।

| सि.नं. | सवारी साधनको नाम | संख्या | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Motorcycle | 5 | **Displacement 200 (±10%)cc, 4-Stroke, Air/Oil cooled Petrol Engine, developing Maximum rated power output not less than 18 PS and Maximum torque not less than 16.5 N-m at governed RPM**, for efficient running of motorcycle having electric start system. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Tenchnical Specification बमोजिम हुने छ। |
| २ | Scooter | 1 | **Displacement 125 (±10%)cc, 4-Stroke, Air/Oil cooled Petrol Engine, developing Maximum rated power output not less than 9 PS and Maximum torque not less than 10.5 N-m at governed RPM**, for efficient running of scooter having electric start system. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Tenchnical Specification बमोजिम हुने छ। |

नोट : बिस्तृत **Technical Specification** कार्यालयको वेवसाईट **www.sotangmun.gov.np** मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Rapti Municipality**
**Office of Municipal Executive**
**Bhandara, Chitwan**
**Bagmati Province, Nepal**

**Invitation for National Competitive Bidding**

**First Date of Publication: 04th Kartik 2079 (21st October, 2022)**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract ID | Works Descriptions | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount |
|---|---|---|---|---|
| 1.0 | 006/Works/NCB/ RM/079/080 | SAKURA ACADEMY JANE SADAK NIRMAN (CONSTRUCTION OF MOSAIC TILE ROAD) AT WARD NO. 07 | NRs. 17,45,696.05 | NRs. 55000.00 |

1. Pre-bid meeting shall be held at Rapti Municipality Office,Bhndara, Bhandara, Chitwan at 10-11-2022 13:00 hours.
2. Sealed or electronic bids must be submitted to the office Rapti Municipality Office,Bhndara, Bhandara, Chitwan through PPMO website www.bolpatra.gov.np/egp on or before 20-11-2022 (2079-08-04) 12:00. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-11-2022 (2079-08-04) 14:00 at the office of Rapti Municipality Office.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 55000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
5. For Purchasing of bid Document, the office's Bank Details are Given Below
NRs.: 3000, Bank: NIC Asia Bank Ltd., Account No: 0982050029409002
Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan

**Chief Administrative Officer**

# श्री गणेश र उनको उत्पत्ति



मोहनप्रसाद सापकोटा

श्रीकृष्णलाई दहीचोर वा गोपिनी खेलाउने पात्रमा सीमित बनाउन नसकिए जस्तै गणेशलाई पनि कुनै कथाको पात्र विशेषमा सीमित बनाउन सकिन्न । ब्रह्मा, विष्णु, शिव, पार्वती, सूर्य र सबै देवीदेवताले श्रीगणेशको तपस्या र आराधना गर्ने गरेका थिए । उनले पनि श्रीकृष्णले अर्जुनलाई देखाए जस्तै विश्वरूप धारण गर्न सक्दछन् । जसरी श्रीकृष्ण यशोदानन्दन पनि हुन् तर यशोदानन्दन मात्र होइनन् त्यसरी नै श्रीगणेश शिवपार्वतीका पुत्र पनि हुन् तर शिवपार्वतीका पुत्र मात्र कदापि होइनन् ।

त्यसो भए को हुन् त श्रीगणेश ? पुराणहरूमा शिव, विष्णु, गणेश, देवी र सूर्यलाई विशेष किसिमले र सर्वत्र आराधना गरिएको छ । यिनलाई प्रायः समान किसिमले स्तुति गरिएको छ र भनिएको छ यी सर्वव्यापक छन्, सबै जीवमा छन् सबै तत्वमा छन् र सबै ब्रह्माण्डमा छन् ।

जीव सृष्टिको प्रसंग लेख्दै पुराणहरू भन्दछन्, ‘ जीव मात्र होइन सारा ब्रह्माण्ड पञ्चतत्वले बनेको हुन्छ । अर्थात् पृथ्वी, जल, वायु, तेज र आकाशको समष्टिगत रूप भनेकै ब्रह्माण्ड हो । जसले यी तत्वको रहस्य जानेको हुन्छ उसले यिनै तत्वबाट सोझै जीवन धान्ने कुरा ग्रहण गर्न सक्दछ । उसले पञ्चतत्वमध्ये कुनै पनि एक तत्वमार्फत बाँकी तत्व ग्रहण गर्न सक्दछ । उदाहरणका लागि उसले पानी पिएर वायुको वा वायु पिएर पानीको आवश्यकता पूरा गर्न सक्दछ । यिनैलाई मानव भए साधक र मानव नभए देवता आदि भनिएको छ । पञ्चतत्वको सम्मिश्रणका आधारमा देखिने रूप वा आकार वा गति आदि पनि यस्ता साधकका लागि स्वेच्छिक हुन्छ । परि आउँदा पञ्चतत्वमध्ये कुनै पनि रूप लिन सक्ने, यसको परिमाणलाई थपघट गर्न सक्ने, जुन् आधारभूत तत्व (इलिमेन्ट) होला (अज्ञानका कारण अविज्ञात), हो त्यही तत्वमध्ये एक तत्वको नाम हो ‘ गणेश’ ।

सांकेतिक अर्थ केलाउने हो भने गणेश गणका मालिक हुन् र गण सबैतिर सबैको हुन्छ । गणेश विघ्नकर्ता र हर्ता पनि हुन् । विघ्न सबैतिर सबै कालमा सबैलाई हुन्छ । गणेश ऋद्धि र सिद्धिका मालिक पनि हुन् । सधैं विनाश मात्र हुँदैन समृद्धि पनि भइरहन्छ । अर्थात् एउटा निश्चित अवधिपछि विनाश समृद्धितिर र समृद्धि विनाशतर्फ अग्रसर हुन्छ । व्यक्ति होस् वा ब्रह्माण्ड सबै यही नियममा बाँधिएका हुन्छन् । अदृश्य तत्व (देवता) हरूले यी नियमलाई आफू पनि नियममा बसेर चलाइरहेका हुन्छन् । यिनै नियामक तत्व (इलिमेन्ट) मध्ये एक रहस्यमय तत्वको सांकेतिक नाम हो ‘गणेश’ ।

**गणेश**

पाञ्चायनमा भिन्नता छैन । यी पञ्चतत्वका रूपमा पञ्चगुणका रूपमा पञ्च इन्द्रियका रूपमा एकबाट अलग्गिएर पाँच भएका शक्ति हुन् । यी पाँचै शक्तिले एकअर्कालाई पूजा गरेका र अर्कोलाई महान् बताएका कथा छन् । यति मात्र होइन तोकिएको टी.ओ.आर. भन्दा बाहिर गएर काम गर्दा सबै दण्डित पनि भएका छन् ।

गणेशका अनेक रूपका बारेमा चर्चा भएको पाइन्छ । मुसो चढेका गणेश, हात्ती चढेका गणेश, सिंह चढेका गणेश, रथ चढेका गणेश आदि अनेक कथाप्रसंग छन् । म घोडचढी गणेशका बारेमा केही जानकारी दिन चाहन्छु । ज्ञान नहुँदासम्म म पनि यस्ता तस्बिर देख्दा वाहियात तस्बिर भन्ने गर्दछु । त्यसैले म कुनै पनि कुरालाई असम्भव हुनै सक्दैन भन्नुभन्दा सम्भावनाका ढोका खुला राख्नुपर्दछ भन्न थालेको छु । पहिला एउटा संस्कृत श्लोक गणेश पुराणको क्रियाखण्डबाट राख्न चाहें ।

***कलौ तु धूम्रवर्णो?सावश्वारूढो द्विहस्तवान् ।***
***धूम्रकेतुरिति ख्यातो म्लेच्छानीकविनाशकृत् ॥***

भावार्थ : कलियुगमा गणेशको रूप धुवाँको रङको हुनेछ । त्यतिखेर उहाँ दुई हात भएका र घोडा चढेका हुनु हुनेछ । उहाँको नाम धूम्रकेतु हुनेछ र उहाँले म्लेच्छहरूको नाश गर्नु हुनेछ ।

समयावधि तोकिएको पाइएन । कलियुगको कुन चरणमा गणेशले यो अवतार लिनु हुने हो कतै लेखिएको पाउन सकेको छैन । तर पनि कलिमा जेजति दैवी अवतार (पाँच शक्तिका) हुने भविष्यवाणी गरिएका छन् ती सबैलाई घोडचढीको रूपमा अवतरण हुने बताइएको छ । यो संयोग मात्र हो भन्न सकिन्न । कल्किपछि गणेशको यो कलि-अवतारका बारेमा प्रसंग र पढाइको सिलसिला मेल खान पुग्दा जानकारी गराएँ ।

गणेशको बाहन मुसो, गणेशको बहान छुचुन्द्रो मात्र पढेको छ भन्दैमा अरू सबै गलत हुन् भन्ने सोच नगर्नुपर्ने रहेछ । अल्पज्ञानलाई सम्भव र असम्भवका बारेमा निर्णय गर्ने माध्यम बनाउन नहुने रहेछ ।

**गणेश र हात्तीको टाउको**

पुराणमा एउटा कथा एकातिर मात्र पढ्दा रहस्य थाहा हुँदैन । वास्तविक सत्यता त्यतिमा सीमित हुँदैन र कुनै एउटा ग्रन्थमा सबै कुरा बताइएका पनि हुँदैनन् ।

पार्वतीले शरीरमा दलेको बुकुवा माडेर एउटा मूर्ति बनाइन् । त्यसमा ज्यान (सास) हालिन् । मूर्ति जीवन्त भयो र आफ्नै पुत्रका रूपमा अंगीकार गरी नाम राखिन् ‘गणेश’ । कसैलाई आउन नदिने गरी उनलाई ढोकामा पहरा दिन खटाएर पार्वती भित्र नुहाउने धुवाउने काम गर्दथिन् । एक दिन महादेव छिर्न खोज्नुभयो तर गणेशले छिर्न दिएनन् । आखिरमा निकै बहस र झगडा हुँदा महादेवले गणेशको शिर काटिदिनुभयो र भित्र छिर्नुभयो ।

पार्वतीले कसरी भित्र आउनुभयो ? ढोकामा कसैले रोकेन भन्दा महादेवले सबै कुरा बताउनुभयो । पार्वतीले त्यो पहरा दिने पुरुष आफ्नो छोरो भएको बताएपछि उसलाई पुनः बिउँताउन ‘जे भेटिन्छ त्यसको टाउको काटेर लेराउनू’ भनी शिवका गणलाई खटाइयो । तिनले हात्ती भेटे र शिर काटी लेराए । त्यही शिर जोडी गणेशलाई पुनः बिउँताइयो । यसरी गणेशको शिर हात्तीको हुन गयो ।

उल्लिखित कथा प्रायः सबैले सुनेकै कथा हो । म अब फरक कथा बताउँदछु ।

महाशक्ति वा कुनै पनि देवताले पतिपत्नी बीचमा संसर्ग गरी सन्तान जन्माउन पाउँदैनन्, सक्दैनन् । विभिन्न माया वा शक्तिमार्फत अर्कै तरिकाले सन्तान जन्माइएका वा बनाइएका हुन्छन् । आद्याशक्ति भए पनि देवीहरूमा मातृत्व भाव हुन्छ नै । संसारलाई देखाउन पनि ती अनेक नाटक मञ्चन गर्ने गर्दछन् ।

**शिव र पार्वतीको रासलीला**

हे नारद ! सुन । पापरूपी सन्तापलाई हरण गर्ने, सबैखालका बाधा नाश गर्ने, सबै खाले मंगल दिने, सारतत्व, सुन्नमा आनन्द लाग्ने, सुखदायी, मोक्षकारक र पापलाई समूल नाश गर्ने अति नै अचम्मको रहस्य म बताउन गइरहेको छु ।

परापूर्वकालमा दानवसमूहबाट पीडित देवताहरूको सामूहिक तेजपुञ्जबाट उत्पन्न भएकी देवीले ती दैत्यहरूलाई मारी सकेपछि दक्षका घरमा कन्या भएर जन्म लिइन् । त्यहाँ उनको नाम सती भयो । फेरी शिवको निन्दा गरिएका कारण उनले योगसाधनाद्वारा आफ्नो शरीर त्याग गरी हिमालयकी पत्नी मेनकाका गर्भबाट जन्म लिइन् । त्यसपछि पर्वतराज हिमालयले प्रसन्नताका साथ पार्वतीलाई शिवका हातमा सुम्पिए । शिवले पार्वतीलाई लिई निर्जन वनमा गए ।

नर्मदा नदीको किनारमा रहेको फूलको बगैंचामा रतिका लागि उपयुक्त फूल एवं चन्दनका काठको ओछ्यान बनाएर त्यहाँ शिवजी पार्वतीसँग रमाउन थाले । हे नारद ! तिनको अनेक थरि विधिविधानको यो रतिक्रिडा एक हजार दिव्यवर्ष (देवताको वर्ष) सम्म चलेको थियो । पार्वती (प्रकृति) एवं शिव (पुरुष) एकअर्काका अंगस्पर्शले मात्र नै काममूर्छित भएका थिए । त्यसबेला तिनलाई दिनरातको कुनै अत्तोपत्तो भएन ।

हाँस र बकुल्ला आदि चराले व्याप्त, भाले कोइलीको आवाजले गुञ्जायमान, अनेक थरी फूलेका फूलले अति रमणीय, भ्रमराको भुननभुनले गुञ्जायमान, तरहतरहका फूलबाट आएका बास्नाले सुगन्धित, अति सुखदायक, अति सुन्दर र कुनै पनि जीवजन्तु नभएको त्यो एकान्तस्थलमा ती दुई भुलिरहेको देखेर देवताहरूलाई धेरै चिन्ता भयो र ती ब्रह्माको अगुवाईमा विष्णुका घरमा गए । ब्रह्माले विष्णुलाई नमस्कार गरी सबै कुरा सुनाए, अरू देवताहरू कठपुतली जसरी उभिइ मात्र रहे । एक हजार दिव्य वर्षदेखि शिव रतिक्रिडामा निमग्न छन् । यसबाट बाहिर निस्कने उनको कुनै छाँट नै देखिँदैन । हे जगदिश्वर ! ती दुईको यो अचम्मको क्रिडाको समाप्तीपछि जन्मने सन्तानचाहिँ कस्तो होला ? कृपा गरेर मलाई बताउनुहोस् ।

विष्णुले भने- हे जगत्का धाता ! हे विधे ! यसमा चिन्ता नगर, जे हुन्छ सबै राम्रै हुन्छ । किनकि जो मेरा शरणमा आउँछन्, तिनलाई दुःख कसरी होला ? बरु तिमी सबै देवताको सहयोग लिई कुनै यस्तो उपाय गर, जसले शिवको वीर्य पृथ्वीमा खसोस् । किन कि यदि शिव (मूल पुरुष) को वीर्य पार्वती (मूल प्रकृति) को पेटमा पर्न गयो भने, त्यो वीर्यले सबै देवता र राक्षस समेतलाई नाश गर्ने पुत्र जन्मनेछ । यसपछि इन्द्र आदि देवता नारायणको आदेशानुसार नर्मदाको किनारतिर लागे भने ब्रह्माचाहीँ आफ्नै घरतिर लागे ।

देवताहरू त्यहाँ जान त गए तर पर्वतको भञ्ज्याङ पार गरेर शिवपार्वतीका नजिक जाने हिम्मत कसैले गरेनन् । भञ्ज्याङको वारितिरै खिन्न मन गरी डराएर बसिरहे ।

धेरै बेर त्यत्तिकै बसेपछि इन्द्रले कुबेरलाई, कुबेरले बरुणलाई, वरुणले वायुलाई, वायुले यमलाई, यमले अग्निलाई, अग्निले सूर्यलाई, सूर्यले चन्द्रमालाई र चन्द्रमाले ईशानलाई ‘तँ जा, तँ जा’ भन्न लागे । यसरी देवताहरू एकआपसमा उसले उसलाई उसले उसलाई ‘तँ गएर शिवपार्वतीको रतिक्रिडा भंग गर’ भन्न थाले ।

अन्तमा हिम्मत गर्दै इन्द्र रतिगृहको ढोकामा पुगी अर्कोतिर मुण्टो फर्काएर भगवान् महेश्वरलाई सम्बोधन गर्दै भन्न लागे ।

पार्वतीसँग रतिविहार गरिरहेका महादेव भित्र थिए । रतिगृहको ढोकामा गई इन्द्रले भने, ‘हे महादेव ! हे जगतका पालनकर्ता ! हे सुरश्रेष्ठ ! हे भक्तको भयनाशक ! हजुर यो के गरिरहनुभएको भन्या ?’ इन्द्र यति भनेर फुत्त अर्कातिर लागे । त्यसपछि ढोकामा गएर डराउँदै अर्कैतिर फर्की सूर्य भन्न लागे, ‘हे महादेव हे जगतका पालनकर्ता हे सुरश्रेष्ठ हे महाभाग हे पार्वतीका पति हजूरलाई नमस्कार छ । हजूर यो गरिरहनुभएको ?’ यति भन्दै हतारहतार सूर्य पनि ढोकाबाट भागे । यसैगरी चन्द्रमा र वायुले पनि ढोकामा गएर महादेवलाई यिनै कुरा भनेर भागे ।

यस्तो स्तुति सुनेपछि चाहँदाचाहँदै पनि पार्वतीका डरले भगवान् शिवले रतिकर्म त्याग्न सक्नुभएन । बाहिर फेरी कल्याङकुलुङ आवाज आइरहेकै थियो । देवताहरू फेरी ढोकामा आएर देउसी खेल्छन् भन्ने ठानी महादेवले रतिकर्म र अँगालोमा बाँधिएकी पार्वतीलाई चटक्क छोडेर जुरुक्क ओछ्यानबाट उठ्नुभयो । डर र लाजले गर्दा उहाँको वीर्य पृथ्वीमा खस्न पुग्यो र यसबाट कार्तिकेयको जन्म भयो ।

महादेवले रतिसुख त्यागी बाहिर निस्केपछि जब त्यहाँ देवताहरूलाई देखेपछि भन्नुभयो, ‘तिमीहरू तुरुन्त भाग, मार्छे अहिले पार्वतीले ।’ पार्वतीको कोपभाजनमा पर्ने डरले देवताहरू सुइँकुच्चा ठोके । जगत्कै भय हरण गर्ने महादेव त्यसपछि पार्वतीको डरले काँप्न थाले ।

उता पार्वतीले ओछ्यानबाट उठेर बाहिर आएपछि देवतालाई देखिनन् र ओठ टोकेर उठेको रिस दबाउन खोजिन् । मनले के मान्दथ्यो र ? सहनै सकिनन् मुखबाट निस्किहाल्यो, ‘आजका दिनदेखि सम्पूर्ण देवताको वीर्य निष्फल होस् ।’

कुनै देवताले देवताकै रूपमा सन्तान जन्माउन सक्दैनन्, सन्तानको चाहना भए तिनले रूप बदलेर मानिस, राक्षस, वा कुनै जीजजन्तु भएर जन्म लिनुपर्दछ ।

यसपछि भगवान् शिवले पार्वतीको मुखमा डराईडराई हेर्नुभयो । उनका आँखा रिसले राताराता भएका थिए । उनी एकछिन पछि दुःखी भएर रुँदै भुइँमा त्यत्तिकै लेखिरहेकी थिइन् । त्यसपछि शिवले दुःखी



पार्वतीको हात समाई आफूतिर तान्नुभयो र अँगालो हाल्नुभयो । अनि अत्यन्त डराउँदै बिस्तारै फुल्याउन लाग्नुभयो ।

एउटा पतिले एउटी पत्नीलाई जे जसरी लौकिक जगतमा फकाउँछन् त्यसरी नै शिवले फकाउन थाल्नुभयो र अनजानमा आफूबाट भएको गल्तीप्रति माफी माग्नुभयो । अन्तमा एउटी स्त्रीको सन्तानको चाहना कति हुन्छ र त्यसबाट के के फाइदा हुन्छ भनेर पार्वतीले महादेवलाई बताउनुभयो र सन्तान पाउने उपाय सोध्नुभयो ।

अनन्तर शिवले पार्वतीलाई पुत्रप्राप्तिका लागि श्रीकृष्णको अरूले गर्ने नसक्ने विधिविधानको पुण्यकव्रत बस्न सल्लाह दिनुभयो । सम्पूर्ण सामग्रीको जोहो गरी व्रत सुरु गर्नुभयो । मूल पुरोहितमा सनत्कुमारलाई राखियो । व्रत समापनपछि दक्षिणा लिने बेलामा सनत्कुमारले भगवान् शिवलाई नै दक्षिणाका रूपमा मागिदिए । यसपछि सबै उपस्थित जनमा हाहाकार भयो, पार्वती बेहोस् भइन् । होसमा आएपछि ब्रह्मा, विष्णु, शिवलगायत धेरैले व्रतपूर्ण गर्न मागिए बमोजिम दक्षिणा दिन पार्वतीलाई अनुरोध गरे । शास्त्रीय वादविवाद धेरै भए ।

अन्तमा तेजरूपमा श्रीकृष्ण आएर शिवलाई दक्षिणामा दिई व्रत पूरा गर्न र फेरी सनत्कुमारलाई गाई दिएर शिवलाई फिर्ता गर्न सुझाव दिनुभयो । जसरी विष्णुको शरीर गाई हुन् त्यसरी नै शिव पनि विष्णुकै शरीर हुन् भन्नुभयो । व्रतका फल दिने देवी आफैं व्रत बसेर लोकलाई सिकाउन लागेको हो भन्दै सबैलाई चिन्ता नगर्न भन्नुभयो ।

उता सनत्कुमार पार्वतीलाई ‘तिम्रो बुढो दक्षिणामा छिटो देउ, नत्र एक वर्षसम्म गरेको व्रतको फल लिएर म जान्छु’ भन्न थाले ।

श्रीकृष्णले सम्झाएपछि हात लगलग कमाएर पार्वतीले शिवलाई दक्षिणामा दिनुभयो । त्यसपछि करोडौं गाई लैजानुहोस् र मेरा पति मलाई फिर्ता दिनुहोस् भनेर पार्वतीले सनत्कुमारलाई भन्नुभयो । सनत्कुमारले अझ चिन्ता थप्दै ‘करोडौं गाई मलाई के काम, म त अब दिगम्बर महादेवलाई लिएर विश्व घुम्न जान्छु, बच्चाहरू उनलाई (नांगै) देखेर जतातातै जिस्क्याउन थाल्नेछन्, मलाई त्यही रमाइलो लाग्छ’ भनिदिए । न व्रतका इष्टदेवताले दर्शन दिए न पति नै आफ्ना रहे । पार्वती अत्यन्त दुःखमा परिन् । झन् सनत्कुमारले आफ्ना पतिलाई नांगै विश्व घुमाउन लैजाने कुरा सुनेपछि त उनले खप्न नै सकिन् र प्राण त्याग्न तत्पर भइन् ।

जब पार्वतीले देहत्याग गर्न आँटिन् तब फेरी आकाशमा एउटा अत्यन्त तेजिले प्रकाश पुञ्ज देखियो । जुन् तेजको बीचमा भगवान् श्रीकृष्ण हुनुहुन्थ्यो तर पार्वतीबाहेक अरू कसैले पनि त्यो दर्शन पाएनन् । ब्रह्मा, विष्णु र शिव आदि सबै देवताले तेजको स्तुति गरेपछि पार्वतीले तेजको बीचमा रहेका श्रीकृष्णको स्तुति गर्नुभयो । श्रीकृष्ण लगायतका सबैको अनुरोध बमोजिम सनत्कुमारले आफूले दक्षिणामा लिएका शिवलाई केही दक्षिणा लिई पार्वतीलाई हाँस्दै फर्काइदिए । श्रीकृष्ण प्रसन्न भई पार्वतीको मनको इच्छा बमोजिम आफू समान पुत्र हुने वरदान दिएर अलप हुनुभयो ।

त्यसपछि कैलाश पर्वतको एकभागमा रहेको हरेक दृष्टिले सुन्दर रतिगृहमा शिव र पार्वती सुत्न गए । रमण चलिरहेको थियो । जब उत्कर्षको समय नजिकै आइरहेथ्यो तब श्रीकृष्ण एउटा ब्राह्मणको रूप गरी रतिगृहको ढोकामा पुगी भन्न लाग्नुभयो ‘हे महादेव ! हजूर के गरिरहनुभएको छ ? म शरणमा आएकाको रक्षा गर्नुहोस् । म सातराते व्रत बसी भोकले आकुलब्याकुल भएर खानका लागि केही पाइन्छ कि भनेर आएको छु । हे महादेव ! हे पिता ! हे करुणाका सागर हजूर के गरिरहनुभएको हो ? एकचोटी बाहिर आएर मेरो हालत त हेर्नुहोस् । हे आमा ! उठ्नुहोस् । हजूर मलाई खाना र जल दिनुहोस् । हे आमा ! आमा !! म यहीँ बाहिर छु । लौन भोकले मर्न लागेँ म । आमा बा हुँदाहुँदै म भोक र प्यासले मर्नु त अब ।’

यस्ता तरहले दीन वचन ढोका बाहिरबाट आएको सुनी एकछिन दुबैले मुखामुख गरे । वीर्यस्खलन हुनै लाग्दा सुनिएको यस्तो आर्तनादका कारण शिव पार्वतीलाई त्यत्तिकै छाडी जुरुक्क उठ्नुभयो । चरमोत्कर्षमा पुगिसकेको अवस्था हुनाले उहाँको वीर्य ओछ्यानमा स्खलन हुन पुग्यो । त्यसपछि अचम्म एवं डर मान्दै पार्वती पनि सूक्ष्म वस्त्र लगाई महादेवका पछिपछि ढोकातिर लाग्नुभयो ।

दुबैले ढोका खोली बाहिर आई हेर्दा लौरो टेकेका, अत्यन्त तेजिलो अनुहारका, फाटेका लुगा लगाएका र ओठतालु सुकाएर आर्तनाद गरिरहेका अत्यन्त वृद्ध एक ब्राह्मणलाई देख्नुभयो । दुबैले ती ब्राह्मणका विषयमा खै गरे । ब्राह्मणले भर्खरै व्रत उद्यापन गरेको हुनाले मनले चाहेको खान पाइन्छ कि भनेर आफू यहाँ आएको बताए ।

यसपछि पार्वती खुसी भएर अतिथि बन्न आइपुगेका वृद्ध ब्राह्मणको चाहना पूरा गरिदिन्छन् । त्यसपछि ब्राह्मण पार्वतीको चाहना अनुसारको पुत्र जो श्रीकृष्णसरह हुन्छन् चाँडै उनलाई प्राप्त हुने कुरा बताउँदै अलप हुन्छन् । दुबै जनाले ती ब्राह्मणको खुब खोजिनीति गर्दछन् । अतिथिको पूजा गर्न नपाएकोमा आफूलाई धिक्कार्दछन् ।

पार्वती ब्राह्मणको खोजीमा अलि बढी नै दुःखी भइरहेकी थिइन् । त्यति नै बेला आकाशवाणी भयो, ‘ पार्वती भित्र ओछ्यानमा सानो छोरालाई छाडेर तिमी किन बाहिरतिर यसरी कुदिरहेकी । भगवान् श्रीकृष्णले तिम्रो पुत्रको रूपमा जन्म लिइसक्नुभएको छ ।’

त्यसपछि विश्वास नलागी पार्वती दौडँदै रतिगृहतिर लाग्नुभयो । भित्र ओछ्यानमा अति सुन्दर, अत्यन्त तेजिला र सर्व गुण सम्पन्न एक वालक अघि महादेवको विर्यस्खलन भएको स्थानमा त्यसैसँग लटपटिँदै हातखुट्टा फालेर खेलिरहेका थिए । उनको दृष्टि भवनको छतमा झुण्डिएको फानुसमा परिरहेको थियो । यिनी अरू कोही थिएनन् भगवान् श्रीगणेश थिए । श्रीकृष्ण जस्तै पुत्र श्रीकृष्णकै अवतारविना सम्भव नै थिएन, त्यसैले उनी शिवपार्वतीका पुत्रकारूपमा अंश अवतार लिई जन्मिएका थिए ।

शिव र पार्वतीको छोरो जन्मियो भन्ने सुनेपछि सारा संसारमा खुसी छायो । नवजात वालकको सुन्दरता र गुण एक कान दुई कान मैदान हुँदै सारा विश्वमा फैलियो । नजिकै हुनेले तुरुन्तै गएर श्रीगणेशको दर्शन गर्दै आफूसँग भएको सबभन्दा प्रिय वस्तु उपहार दिने क्रम चल्न लाग्यो । सबैले औकातअनुसार आशीर्वाद दिँदै गए । (यस प्रसंगमा आफ्नो गच्छेअनुसार नै उपहार वा आशीर्वाद दिने गर्नु भनेर लोकलाई उपदेश पनि दिइएको छ) । एवं रितले श्रीकृष्ण, विष्णु, शिव, पार्वती आदि सबैले गणेशको दर्शन गरेका र जसले जेसुकै कार्य गर्दा पनि पहिले गणेशको पूजा गर्नु भनेर बताइएका विवरणहरू छन् ।

दर्शनको क्रम निकै दिनसम्म चलिरह्यो । टाढाटाढाकाहरू वा फुर्सदमा नहुनेहरू समय मिलाएर कैलाश आई गणेशको दर्शन गरिरहेका थिए । एकदिन शनि मुण्टो निहुर्‍याउँदै टुप्लुक्क कैलाशमा आइपुगे । ‘ जगतका मातापिताको पुत्रलाभ भएको खबर सुनेँ । म पनि मन थाम्न सकिनँ र खुसीमा सामेल हुन आएँ प्रभू’, भने । भविष्यमा के हुन्छ भनेर पहिले नै थाहा पाएका शिवले हाँस्दै ‘ए तिमी पनि गणेशको दर्शन गर्न आएका, भित्र पार्वतीले काखमा लिएर खेलाइरहेकी होलिन्, जाउ गएर दर्शन गर’ भन्नुभयो । शनि भुइँतिर मुण्टो फर्काको फर्काइ ठाडो मुण्टो नलगाई पार्वतीका खोपीतिर लागे ।

शिवले आत्ता दिएपछि शनि पार्वतीका खोपीतिर लागे । पार्वतीका रक्षकले भित्र गई शनि आएको खबर दिए । पार्वतीले भित्र पठाउन आज्ञा दिइन् । शनि मुण्टो निहुर्‍याएको निहुर्‍याई पार्वती भए छेउ पुगे ।

पार्वतीले घोसे मुण्टो लाउनुको कारण जान्न चाहनुभयो । शनिले कारण यसरी बताए-

हे माता यो अलि लाजलाग्दो कुरा छ, तैपनि माताका अगाडि बताउने दुस्साहस गर्दछु । रिसानी माफ होस् । म सुरुदेखि नै न्यासध्यानमा मग्न रहने गर्दथेँ । मेरो विवाह चित्ररथकी छोरीसँग भएको थियो । उनमा एउटा नारीमा हुनुपर्ने सबै गुण थिए, कुनै खोट थिएन । एकरात ऋतुस्नान गरी सहवासको चाहनाले उनी मेरा समिपमा आइछन्, विभिन्न हाउभाउले मलाई आकर्षण गर्न खोजिछन्, म ध्यानमग्न थिएँ, चालै पाइनँ । उनले आफ्नो ऋतुस्नान खेर गएकोमा ‘यस्तो बेलामा पनि मतिर नहेरेका हे मूर्ख तिमीले आदेखि जजसलाई हेर्दछौँ त्यो तुरुन्त नष्ट हुनेछ’ भनेर मलाई श्राप दिइछन् । पछि मेरो ध्यान सकिएपछि सबै थाहा पाएँ, उनलाई सम्झाएँ । तर, उनीसँग पश्चात्ताप गर्नुबाहेक अरू कुनै विकल्प थिएन । त्यसैले माता म कसैलाई मुण्टो उठाएर हेर्दिनँ । अनाहकमा कुनै जीवको हत्या नहोस् भनेर म सधैं निहुरिएर कसैको अनुहार नहेरी हिँड्ने गर्दछु । शनिको कुरा सुनेर पार्वती मरीमरी हाँस्न थाल्नुभयो । उनका सुसारेहरू पनि सँगसँगै हाँस्न थाले ।

**त्यसपछि पार्वतीले शनिलाई भन्नुभयो–**

हे शनि तिम्रो प्रभाव अरू भारेभुरेलाई परे पनि मलाई पर्दैन । म जगतकी जननी र यो मेरो छोरो गणेश, हामीलाई तिमीसँग भएको श्रापको प्रभाव पर्दैन । त्यसैले यदि साँच्चिकै खुसी भएर मुख हेर्न आएका हौ भने निर्धक्कसँग मेरो छोराको मुख हेर ।

त्यसपछि शनीले डराईडराई बिस्तारै मुण्टो उठाएर बाल-गणेशको मुख हेरे । गणेशको शीर तुरुन्त धडबाट अलग भयो ।

एकछिन अगाडिसम्म हाँसख्याल र हाँसोमा रमाइरहेको त्यहाँको वातावरण एकैछिन पछि शोकमा डुब्न पुग्यो सबै रुन कराउन थाले । शनि डरले थरथर काम्दै घोसोमुन्टो लगाएर उभिइरहे ।

जब शनिले दाहिने आँखाको कर्के नजरले हेर्दा बालक गणेशको टाउको (मस्तिष्क) फुटेर छियाछिया भयो तब रगतको लतपतिएको शीर बिनाको शरीर (धड) लिएर पार्वती रुँदै कराउँदै गर्दागर्दै बेहोस् हुनुभयो । काटिएको टाउको श्रीकृष्णमा गएर बिलीन भयो । अन्य सबै देवीदेवताहरू आश्चर्यचकित भई मूर्ति जसरी उभिइरहे । सबैका आँखाबाट आँशुका मूल फुटिरहेका थिए । अब के होला भन्ने महात्रासले केही बोल्ने आँट कसैसँग थिएन ।

सर्वाधिकार सम्पन्न, महा शक्तिशाली, श्रीकृष्णका अंशरूप, शिवपार्वतीका पुत्र गणेशको शीर शनिले हेर्दैमा त्यत्तिकै काटिएर खसेको कुरा नारायणको मुखबाट सुनेर नारदलाई अलि पचेन, कारण जान्न खोजे र सोधे । नारायणले कारण यसरी बताउनुभयो -

एकताका सुमाली र माली नामक राक्षसलाई मारिरहेका सूर्यलाई शिवले रिसाएर मारिदिनुभएको थियो । तेजहीन भई आकाशतिर आँखा लगाई मरेका आफ्ना पुत्र सूर्यलाई काखमा लिई कश्यपले भगवान् शिवलाई श्राप दिए ‘मेरो पुत्रलाई जसरी टाउको काटेर मारेका छौ नि त्यसरी नै तिम्रो पुत्रले पनि टाउको काटिएर मर्नु परोस् ।’ एकैछिनमा रिसाउने र एकै छिनमा खुसी हुने शिवले तुरुन्त सूर्यलाई बिउँताइदिनुभयो । एकछिनमा ब्रह्मा त्यहाँ आए र सूर्यलाई नियमित गतिविधिमा फर्काए र संसार चलाए ।

एकताकाको कुरा हो शक्ति, मद र उन्मादमा कसैलाई नगन्ने भएका इन्द्र कैलाश पर्वत नजिक बहने पुष्पभद्रा नदीतिर घुम्न निस्के । बाटोमा रम्भा नामकी अप्सरासँग उनको भेट भयो । अन्तमा ती दुबै दिन रात, ठाउँ कुठाउँ कामवासनामा मग्न भई रहन थाले ।

दुर्वासा ऋषि आफ्ना शिष्यका साथ बैकुण्ठबाट फर्की त्यही बाटो भएर कैलाश गइरहेका थिए । इन्द्र एकछिन त उन्मादमा हडबडाए तर पछि सम्हालिएर दुर्वासालाई गएर प्रणाम गरे । दुर्वासाले खुसी भई बैकुण्ठमा नारायणले दिनुभएको पारिजात फूलको माला इन्द्रलाई दिए । त्यसपछि त्यो मालामा भएको अचम्मको शक्ति पनि यसरी बताए-

‘यो माला जसको घाँटीमा हुन्छ उसको कहिल्यै हार हुँदैन, कहिल्यै रोग र मरण हुँदैन । सबै देवताभन्दा पहिला उसको पूजा हुन्छ । महालक्ष्मी छायाँ जसरी उसका पछि बस्ने छिन् । ज्ञान, तेज, बुद्धि र बलमा उसको तुलना कसैसँग पनि हुन सक्दैन । जसले यसलाई त्याग गर्दछ उसका सबै शक्ति क्षीण हुनेछन् ।’

यति भनिसकेपछि दुर्वासा आफ्नो बाटो लागे । दुर्वासा अलि पर पुगेपछि रतिरागमा उन्मत्त इन्द्रले त्यो माला नजिकै चरिरहेको एउटा हात्तीलाई लगाइदिएर रम्भातिर गए । इन्द्रको तुरुन्त शक्ति क्षीण भयो । र रम्भा पनि आफ्नै घरतिर लागिन् । जे जे गुण त्यो माला लगाउनेसँग हुन्छन् भनी दुर्वासा ऋषिले बताइएका थिए त्यो त्यो गुण उक्त हात्तीमा देखिएका थिए । इन्द्रलाई त्यहीँ छाडेर त्यो हात्ती पनि जंगलतिर ढोईसँग मस्तले रम्न थाल्यो । महादेवलाई कश्यप ऋषिले दिएको श्राप पनि कट्टा गर्नुपर्ने अर्कोतिर विशेष किसिमको शक्ति भएको माला लगाइरहेको हात्तीलाई पनि धेरै समय जीवित राख्नु उचित थिएन । त्यसैले जब शनिको दृष्टि परी बालक गणेशको शीर छेदन भयो तब भगवान् विष्णु तुरुन्त गई त्यो हात्तीको शीर काटे जुन हात्तीलाई विशेष किसिमको माला लगाएका कारण अचम्मको शक्ति प्राप्त भएको थियो । त्यो हात्तीलाई सामान्य हात्ती हुनेगरी पुनः जीवित गराइयो र तुरुन्त त्यो हात्तीको विशेष किसिमको टाउको लेराई श्रीगणेशको धडमा जोडियो । श्रीगणेश गजानन भएर पुनः ब्युँतिए ।

त्यसपछि सबै देवदेवीले उनलाई विभिन्न उपहार दिएर पूजा गरे । शिव, पार्वती, श्रीकृष्ण, ब्रह्मा आदि सबैले उनको पूजा गरे र तीनै लोकमा जोसुकै जेसुकै कार्य गरुन् पहिला श्रीगणेशको पूजा गरुन् भनेर स्थिति बसालियो । यहाँ एउटा कुरा पुनः स्मरण गराउन चाहें ब्रह्मवैवर्त पुराणमा बताइएको यो प्रसंग र देवी भागवतमा बताइएको यो विषयसँग सम्बन्धित संक्षेपमा मेल खान्छ । श्रीगणेश भगवान् श्रीकृष्णका अवतार हुन् । जेलभित्र जन्मिएका महाभारतकालीन एक दैवी पात्रमा सीमित छैनन् श्रीकृष्ण, उनी पूरै ब्रह्माण्डको आदि शक्ति हुन् र उनैबाट त्रीदेव र त्रीदेवीको उत्पन्न भएको हो ।

# कमजोर कांग्रेस नै देउवालाई फलिफाप





विन्दुकान्त घिमिरे

आफूले पेस गरेको आर्थिक योजना पार्टीभित्रै आलोचित बनेपछि बेलायतकी प्रधानमन्त्री लिज ट्रसले गत बिहीबार पदबाट राजीनामा दिइन् । ४७ वर्षीया ट्रस ४५ दिनअघि मात्रै प्रधानमन्त्री बनेकी थिइन् । केही महिनाअघि जर्मनीकी चान्सलर एन्जेला मार्करले गरेको राजनीतिबाट सन्यास लिने घोषणाले विश्वभरी तहल्का मच्चाएको थियो । ६८ वर्षीया मार्करले १६ वर्ष लगातार जर्मनीको चान्सलर ( कार्यकारी प्रमुख) बनेर काम गरेकी थिइन् । लिज ट्रस र एन्जेला मार्कर त उदाहरण मात्रै हुन् । आफ्नो पदभन्दा देशलाई प्यारो ठान्ने राजनीतिकर्मीहरूको संख्या विश्वका विभिन्न लोकतान्त्रिक मुलुकहरूमा निकै ठूलो छ । देशमा बेथिति उत्पन्न हुनु र जनताले दुःख पाउनुको मुख्य कारण राजनीतिकर्मीहरूको सत्ता लिप्सा हो । सत्ता लिप्सा अन्त्य गर्नकै लागि लोकतान्त्रिक



विश्वका मुलुकहरूको उदाहरण हेर्ने हो भने पनि कोही ९० वर्षको उमेरसम्म सक्रिय पदमा छन्, कसैले ५० वर्षको उमेरमा सक्रिय राजनीतिबाट बिदा लिएका पनि छन् । अमेरिकाकै उदाहरण लिऊँ, बाराक ओबामाले र बिल क्लिन्टनले ५२ वर्षको उमेरमा राजनीतिबाट बिदा लिए । उनीहरूकै पार्टीका जो बाइडेन ८० छुन लाग्दा राष्ट्रपति पदमा निर्वाचित भए



शासन र आवधिक निर्वाचन पद्धतिको व्यवस्था गरिएको हो । नेपालमा पनि संविधानतः लोकतान्त्रिक शासन र आवधिक निर्वाचन पद्धतिको व्यवस्था छ । तर, सत्ता लिप्साले सीमा नाघेको छ ।

उदाहरणका लागि आजभन्दा २७ वर्षअघि नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा नेपालको प्रधानमन्त्री बन्दै बेलायतकी निवर्तमान प्रधानमन्त्री लिज ट्रस राजनीतिमा थिइनन्, सायद स्कुल पढ्दै थिइन् । तर, उनी राजनीतिमा प्रवेश गरी प्रधानमन्त्री बनेर बिदा भइसकिन्, हाम्रो मुलुकका ८० वर्षीय देउवा छैठौंपटक प्रधानमन्त्री बन्नका लागि भोट मागिरहेका छन् । यसैगरी नेपालमा शेरबहादुर देउवा पहिलोपटक प्रधानमन्त्री बन्दै गर्दा युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक जर्मनीमा एन्जेला मर्केल क्रिस्चियन डेमोक्रेटिक युनियन (सिडियू) पार्टीबाट भरखर राजनीतिमा प्रवेश गरेकी थिइन् । करिब १६ वर्ष जर्मनीको चान्सलर (कार्यकारी राष्ट्रप्रमुख) पद सम्हालेर मर्केलले राजनीतिबाट बिदा लिने घोषणा गरिन् ।

मर्केललाई प्रतिष्ठित फोर्ब्स म्यागाजिनले १० वर्षसम्म विश्वको सबैभन्दा शक्तिशाली महिला घोषित गरेको थियो । आफ्नो कार्यकालको १६ वर्षमा उनले कुनै पनि आफन्त वा नातेदारलाई राज्यको कुनै पनि पदमा नियुक्त गरिनन् । उनी मेकअप, घरजग्गा, कार, निजी विमानजस्ता कुराहरूबाट टाढै रहिन् । एकपटक उनलाई सौन्दर्य सामग्री किन प्रयोग नगरेको भनेर गरिएको प्रश्नमा उनले भनेकी थिइन्, 'म नागरिकको सेवक हुँ, मोडल होइन ।' मर्केलले आफ्नो घरमा कामदार पनि राखेकी छैनन् र राख्नुपर्ने आवश्यकता नै नरहेको बताउँदै आएकी छिन् । उनी भन्छिन्, 'म कपडाहरू मिलाउँछु मेरा श्रीमान्ले वासिङ मेसिन चलाउँछन् ।' मर्केल आमनागरिक बस्ने अपार्टमेन्टमा बस्छिन् । उनको ठूलो घर, स्विमिङ पुल, बगैंचा इत्यादि केही पनि छैन । युरोपमा उच्च शिक्षा प्राप्त गर्ने नेपालका एक मात्रै प्रधानमन्त्री तथा राष्ट्रिय पार्टीका सभापति हुन् देउवा । नेपाली जनताले भने युरोपेली मुलुकका राजनीतिक नेताहरूले देखाएको त्यागको कथा सुनेर, पढेर चित्त बुझाउनुपरेको छ । मर्केल पहिलोपटक चान्सलर बन्दा ५३ वर्षकी थिइन्, देउवा पहिलोपटक प्रधानमन्त्री बन्दा ५२ वर्षका । चारपटक चान्सलर बनेर ६८ वर्षको उमेरमा मार्केलले सक्रिय राजनीतिबाट विश्राम लिइन् । यता पाँचपटक प्रधानमन्त्री बनिसकेका ८० वर्षीय देउवा भन्छन्, 'ज्योतिषीले सात पटक प्रधानमन्त्री हुन्छौ भनेका छन्, अझै दुईपटक बाँकी छ ।' २७ वर्षको अवधिमा पाँचपटक प्रधानमन्त्री बनिसकेका देउवाले अझै दुईपटक प्रधानमन्त्री बन्ने इच्छा मुलुकको हितका लागि राखेका हुन् कि व्यक्तिगत तुष्टिका लागि हो भन्ने प्रश्न निकै गम्भीर छ । केका लागि अब देउवा प्रधानमन्त्री बनिरहने ? टाढाको उदाहरण दिनु पर्दैन । उनकै पार्टी नेपाली कांग्रेसको स्थानीय संगठनको उदाहरण दिए पुग्छ । नेपाली कांग्रेसका वडा सभापतिहरूको विवरण हेर्ने हो भने करिब २५ प्रतिशत यस्ता छन् जो देउवा प्रधानमन्त्री बन्न सुरु गर्दा आमाको गर्भमा समेत थिएनन्, १८ देखि २७ वर्ष उमेर समूहका वडा सभापतिहरूको संख्या नेपाली कांग्रेसमा निकै धेरै छ । त्यसो त देउवा पहिलोपटक प्रधानमन्त्री बन्दा आमाको गर्भमा पनि नआएका योगेश गौचनलाई नेपाली कांग्रेसले मुस्ताङबाट प्रतिनिधिसभाको प्रतक्षतर्फ उम्मेद्वार बनाएको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध एमालेको टिकट लिएर गोर्खा क्षेत्र नं २ मा भिड्दै गरेका अव्दुस मियाँ पनि देउवा पहिलोपटक प्रधानमन्त्री बन्दा आमाको गर्भमा समेत आएका थिएनन् । तर, फेरि प्रधानमन्त्री बन्ने देउवाको तिर्खा घट्दो होइन, झन् झन् बढ्दो छ ।

लागुपदार्थको लतमा फसिसकेको व्यक्तिले आफैं अब कोटा पुग्यो भन्दै सेवन त्याग्नु र देउवाले 'अब सधैं कति आफैं मात्र अघि सर्ने, अब विश्राम गर्नुपर्छ' भन्ने महसुस गर्नु उस्तै उस्तै हो भन्न थालेका छन् जनता । देउवाले कसैको सहाराले घरको ढोकाबाट निस्केर गाढीको ढोकाभित्र पस्न सक्ने अवस्था रहुन्जेल आफैं ढलीमली गर्ने अनि श्रीमती र छोरालाई आफ्नो उत्तराधिकार सुम्पिने धोको पालेको निष्कर्ष निकाल्ने मानिसहरू नेपाली कांग्रेसभित्र धेरै छन् । यो निष्कर्ष ठाडै अस्वीकार गर्न गर्न सकिने अवस्था छैन । निश्चय नै राजनीतिमा सक्रिय हुन उमेरको हद हुँदैन । विश्वका मुलुकहरूको उदाहरण हेर्ने हो भने पनि कोही ९० वर्षको उमेरसम्म सक्रिय पदमा छन्, कसैले ५० वर्षको उमेरमा सक्रिय राजनीतिबाट बिदा लिएका पनि छन् । अमेरिकाकै उदाहरण लिऊँ, बाराक ओबामाले र बिल क्लिन्टनले ५२ वर्षको उमेरमा राजनीतिबाट बिदा लिए । उनीहरूकै पार्टीका जो बाइडेन ८० छुन लाग्दा राष्ट्रपति पदमा निर्वाचित भए ।

नेपालमा विगत २७ वर्षदेखि के कति योगदानका आधारमा देउवा पटकपटक प्रधानमन्त्री भइरहेका हुन् ? पहिलो कार्यकालमा उनले देश र जनताका लागि के कति उपलब्धि हासिल गरे ? पहिलो भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो र तेस्रो भन्दा चौथो कार्यकालमा राम्रो काम गरेका कारणले पाँचौं कार्यकालका लागि अवसर पाएका हुन् ? के अब छैठौँपटक प्रधानमन्त्री बनेपछि अझ राम्रो गर्लान् ? भन्ने प्रश्न नयाँ पुस्ताले उठाउनु स्वभाविक हो । उनले अहिलेसम्म प्राप्त गरेका पाँचै वटा अवसर काकतालीका उपज हुन् । आमनिर्वाचनमा भावी प्रधानमन्त्रीका रूपमा जनतामा प्रस्तुत भएर देउवाले प्रधानमन्त्री बनेका होइनन् । उनी पहिलोपटक प्रधानमन्त्री बनेयता मुलुकमा चार वटा आमनिर्वाचन सम्पन्न भइसकेका छन् । त्यसमध्ये सबैभन्दा पछिल्लोपटक अर्थात ०७४ सालमा देउवा भावी प्रधानमन्त्रीका रूपमा जनसमक्ष प्रस्तुत भएका हुन् तर नेपालको इतिहासमा यसपटक जति घातक परिणाम कांग्रेसले कहिल्यै बेहोरेको थिएन । जनतामा देउवाको छवि के कस्तो छ भन्ने ज्वलन्त उदाहरण यहाँभन्दा अर्को हुन सक्दैन । देउवाका पाँच वटा कार्यकाल मूल्यांकन गर्ने हो भने कुनै पनि यस्तो छैन जुनबेला मुलुकले कुनै न कुनै घात बेहोरेको नहोस् ।

राजनीतिमा अपराधीकरण आरम्भ भएका कारण देउवाको पहिलो कार्यकाल मुलुकका लागि घातक बन्यो । दोस्रो कार्यकाल त संसदीय व्यवस्था नै दरबारमा बुझाएको र पार्टीसमेत विभाजन गरेको कारण झन् घातक रह्यो । तेस्रो कार्यकालमा प्रतिगमन थप संस्थागत गर्न मद्दत पुऱ्याए । चौथो कार्यकालमा त नेपाली कांग्रेस तहसनहस भयो । चौथो कार्यकालमा देउवाले झन्डै कार्यकर्ताबाहेक अरूले नेपाली कांग्रेसलाई भोट दिने ठाउँ नै राखेनन् । कतिपय निर्वाचन क्षेत्रमा त मतपत्रमा कांग्रेसको नाम र चुनाव चिह्न थिएन । देउवाको पाँचौं कार्यकाल पनि मुलुकका लागि के कति घातक भयो ? भन्ने प्रश्नको उत्तर निकै लामो छ । जम्माजम्मी १७ महिनाका लागि नियुक्त प्रधानमन्त्रीले साढे दुई महिनामा पनि मन्त्रिपरिषद् विस्तार गर्न नसक्नु सामान्य अक्षमता होइन । अझ डरलाग्दो पक्ष त अध्यादेश ल्याएर दल विभाजन गराउनु हो । यति खतरनाक नजीर बसेको छ कि अबका प्रधानमन्त्रीहरूले आफूले जुन दललाई जसरी चाहन्छन् त्यसरी नै विभाजन गर्न सक्ने भए । यो अध्यादेश प्रकरण त लोकतन्त्रका लागि ०५९ सालमा गरिएको प्रतिनिधिसभा विघटनभन्दा घातक हुनेछ । त्यतिबेला पनि देउवाले यस्तो हिम्मत गर्न सकेका थिएनन् ।

त्यतिबेला दल विभाजनसम्बन्धी अध्यादेश ल्याएको भए देउवाले संसद् विघटन गर्नै पर्दैनथ्यो । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पनि दल विभाजनसम्बन्धी यस्तो अध्यादेश ल्याएको भए संसद् विघटन गर्नै पर्दैनथ्यो । अबका प्रधानमन्त्रीले आफ्नो पद असुरक्षित हुनासाथ अवलम्बन गर्ने भनेकै दल विभाजन गर्न अनुकूल अध्यादेश हुनेछ, नजीरले काम गर्नेछ । अघिल्लो दिन संसद्को अधिवेशन अन्त्य गरेर भोलिपल्ट दल विभाजन गर्ने अध्यादेश ल्याउने र संसद्को अधिवेशन जारी रहेकै बेला अध्यादेश खारेज गर्ने निर्णय घोर प्रतिगामी हो । संसद् चलिरहेको अवस्थामा अध्यादेश विधेयकद्वारा प्रतिस्थापन गर्नुपर्ने थियो तर खारेज गरियो । अध्यादेश नै खारेज गरिएपछि उक्त अध्यादेशमार्फत गरिएका काम कारबाहीहरूको कानुनी वैधताको प्रश्न अदालतले निरूपण गर्ला तर राजनीतिक वैधाताको निरूपण गर्ने जनताले हो । त्यो पनि चाँडै हुनेछ । यसअघि प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाअभियोग प्रकरणको गतिलै जवाफ दिएको नजीर छ । यसपटक पनि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा प्रकरण त्यसरी नै सतहमा प्रकट भएको छ । तर कार्की र राणा उस्तै उस्तै पात्र भने होइनन् । यसपटक देउवाले नेपाली कांग्रेसको बहुमत आउने संभावनालाई चुनाव अघि नै निमोठिसकेका छन् । १ सय ६५ निर्वाचन क्षेत्रमध्ये आधामा मात्रै उम्मेद्वारी दिएको कांग्रेसले बहुमत ल्याउने कल्पना गर्न सकिन्न । तर, बहुमत प्राप्त कांग्रेसभन्दा कमजोर कांग्रेस नै देउवालाई फाप्ने गरेको छ ।

# डेंगु संक्रमण : रगत अभावबीच 'प्लेटलेट्सको अनुचित प्रयोग'

■ स्वेच्छा राउत/बिबिसी

यसै साता काठमाडौंका सुरेश (नाम परिवर्तन) लाई डेंगु संक्रमण भयो । लगत्तै स्वास्थ्य स्थिति गम्भीर बनेपछि उनलाई त्रिपुरेश्वरस्थित ब्लू क्रस अस्पताल भर्ना गरियो । उपचारकै क्रममा उनको रगतमा प्लेटलेट्सको मात्रा घट्यो र नाकबाट उच्च रक्तस्राव हुन थाल्यो ।

मंगलवार चिकित्सकहरूले ३७ वर्षीय सुरेशको शरीरमा प्लेट्लेट्सको संख्या सात हजार मात्र रहेको र तत्काल ६ पिन्ट रगत आवश्यक परेको बताए । त्यसपछि बिरामीकी एक बहिनी 'बी' पोजेटिभ रगतको खोजीमा विभिन्न अस्पताल र ब्लड बैंकहरू धाइन् । 'दाइको अवस्था गम्भीर थियो । संकलित रगत भेटिएन । केही दाताहरूसँग आग्रह गरें तर मानिसहरूलाई मनाउनै समय लाग्यो', उनले भनिन् । 'साह्रै गाह्रो गरी रगत दिने मानिस भेट्यौं । सात/आठ जना फरकफरक ठाउँमा बाँडिएर आवश्यक रगत जम्मा गरेका हौं ।'

ललितपुरकी श्वेता राई पनि आफ्नी आमाको निम्ति रगत खोज्न हम्मेहम्मे परेको सुनाउँछिन् । गत साता डेंगुका कारण थलिएकी उनकी आमाको शरीरमा प्लेटलेट्सको मात्रा घटेर १० हजारभन्दा कम भएको थियो ।

'डाक्टरले साँझ परेपछि मात्र रगत चाहिने बताए । तर, अस्पतालमा थिएन । रात पर्दै जाँदा रगत दिन चाहने पनि भेट्न गाह्रो भयो', राईले भनिन् । सामाजिक सञ्जालमार्फत् विभिन्न समूह र व्यक्तिलाई आग्रह गरेपछि मध्यरातमा दाताले रगत दिएको उनको कथन छ ।

काठमाडौंलगायत देशभरका प्रायः जिल्लामा डेंगु प्रकोप बनेर फैलिएको छ । बिरामीहरूको संख्या बढेसँगै रगतको अभाव देखिएको जानकारहरू बताउँछन् । नेपाल रेडक्रस सोसाइटीका सूचना अधिकारी धर्म दत्त बिडारीले 'फ्रेस रगत' पाउन मुस्किल भएको बिबिसीसँग बताए ।

'दसैं तिहारबीचको समयमा प्रायः रगत अभाव हुन्छ । यसपटक पनि त्यही समस्या देखिएको हो', उनले भने । डेंगुसँगै क्यान्सरका बिरामी र अन्य शल्यक्रिया भएका वा गर्न पर्नेहरूले समेत रक्त अभाव भोगिरहेका छन् ।

### आखिर रगतको अभाव किन भयो ?

रगत अभाव हुनुको पहिलो कारण चाडपर्वको समयमा पर्याप्त रक्तदान र संकलन कार्यक्रम आयोजना नहुनुलाई इंकित गर्छन् रेडक्रस नेपाल, केन्द्रीय रक्तसञ्चार सेवाका उपनिर्देशक डा. प्रकाशकुमार यादव । उनी भन्छन्, 'एक त दसैंको बेलामा रक्त संकलन नै कम हुन्छ । त्यसमाथि दसैं मनाउन अधिकांश युवा गाउँघरतिर जान्छन् । त्यसैले रक्तदान कार्यक्रमहरूमा पनि पर्याप्त जम्मा हुँदैन ।' तर, सबै बिरामीको हकमा संकलित रगतले काम नगर्ने उनी बताउँछन् ।

अहिले विशेष गरी डेंगुको बिरामीका लागि रगत आवश्यक परेको देखिन्छ । 'उनीहरूको रगतमा प्लेटलेट्सको मात्रा थप्नुपर्ने हुन्छ । त्यसका लागि ताजा रगत चाहिने भएकाले पनि रगत समयमा उपलब्ध गराउन असमर्थ भएका छौं', डा. यादवले भने।

चिकित्सकहरूका अनुसार अहिले अस्पतालमा उपचाररत डेंगुका गम्भीर बिरामीहरूमध्ये धेरैमा प्लेटलेट्सको कमी देखिएको छ । जसका कारण बिरामीको गिजा, नाकलगायत शरीरको विभिन्न भागबाट रक्तस्राव भएको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा. शेरबहादुर पुनले बताएका छन् ।उनका अनुसार केही महिला संक्रमितहरूले आफ्नो महिनावारीको समयमा समेत अन्य समयभन्दा बढी रक्तस्राव भएको जनाएका छन् ।

### के हो प्लेटलेट्स ?

प्लेटलेट्स मानिसको शरीरमा हुने कोशिका हो । विज्ञहरूका अनुसार यसले शरीरमा कुनै पनि किसिमको चोट लागेर वा अन्य स्वास्थ्य समस्याका कारण हुने रक्तस्राव रोक्न मद्दत गर्छ । सामान्यतया मानव शरीरमा प्रति माइक्रोलिटर रगत बराबर १ लाख ५० हजारदेखि चार लाख प्लेटलेट्स हुनुपर्ने बताइन्छ । 'रगतबाट प्लेटलेट्स छुट्टाउन चार घण्टा लाग्छ र त्यो ७२ घण्टादेखि पाँच दिनसम्म मात्र प्रयोग गर्न योग्य हुन्छ । समयावधिका कारण पनि अहिले भनेकै बेला रगत पाउनु चुनौतीपूर्ण बनेको छ ।'

तर एकजना विज्ञले भने हाल नेपालमा अनुचित ढंगमा प्लेटलेट्स दिइरहेको दाबी गरे । रक्तसञ्चार विशेषज्ञ डाक्टर विपिन नेपालले बिबिसीसँग भने, 'प्लेटलेट्स आवश्यक नै नभएका बिरामीहरूलाई समेत दिइएको छ । जसले गर्दा रगतको माग उच्च भएको हो र अभाव देखिएको हो ।'विश्व स्वास्थ्य संगठनले मानव शरीरमा रक्तस्राव नभइरहेको अवस्थामा प्लेटलेट्स १० हजार पुगेको खण्डमा समेत पर्खन सकिने मापदण्ड तय गरेको छ । यद्यपि, हाल नेपालका चिकित्सकहरूले २० हजारदेखि ५० हजार प्लेटलेट्स भएका बिरामीहरूलाई रक्तस्रावसम्बन्धी जटिलता नदेखिए पनि थप रगत माग गरेको डा. नेपालले जिकिर गरे । उनले भने, 'यो चिकित्सकहरूले पढ्नुपर्ने अत्यावश्यक विषय हो । तर व्यवहारमा त्यो लागू भएको पाइँदैन ।'

२७ हजारभन्दा बढी सदस्य भएका फेसबुक समूह ब्लड अन रिक्वेस्ट नेपाल धेरैका निम्ति रगत वा दाता आग्रह गर्ने बलियो माध्यम बनेको छ । अभाव देखिएको अवस्थामा धेरैले आफन्त वा चिनजानका बिरामीको लागि सोही समूहमार्फत् सहयोग अपिल गरेका छन् ।

त्यस्ता पोस्टहरूमा रक्त समूह साथै अधिकांशले पीआरपी आवश्यक भएको जनाएका छन् । तर, डा. नेपाल भने पिआरपी भनेर रगत खोज्नुलाई 'गलत अभ्यास' को संज्ञा दिन्छन् ।

'आममानिस त डाक्टरले जे लेखिदियो त्यही खोज्छन् । तर पिआरपीमा प्लेटलेट्ससँगै प्लाज्मा पनि हुन्छ । स्वास्थ्यकर्मीले पिआरपीभन्दा पनि प्लेटलेट्स कन्सर्नट्रेट माग गर्नुपर्छ', डा. विपिन नेपालले सुझाव दिए । त्यस्तै प्लेटलेट्स जुनसुकै रक्त समूहको पनि प्रयोग गर्न सकिने उनले बताए ।

'ओ पोजेटिभ रगत समूहका बिरामीको लागि त्यही समूहको रगत चाहिन्छ भन्ने हुँदैन । दाता स्वस्थ्य र तयार भएको खण्डमा जुन समूहको पनि प्रयोग गर्न मिल्छ ।'

निकालिएको प्लेटलेट्सलाई हल्लाएर राख्ने विशेष उपकरण हुन्छ । उनले नेपालका अधिकांश अस्पतालहरूमा उक्त उपकरण नभएकाले त्यसको असर बिरामीलाई दिइने प्लेटलेट्समा पर्नसक्ने चेतावनीसमेत दिए । यसअघि कोरोनाभाइरस महामारीको बेलामा प्लाज्मा थेरापीको प्रयोग बढेसँगै रगतको अभाव देखिएको थियो ।

### चिसोमा डेंगु रोगको जोखिम कति ?

नेपालमा गत जुलाई महिनादेखि नै डेंगुको बिरामीहरूको संख्या उकालो लाग्न थालेको थियो । अगस्ट महिनाको मध्यदेखि भने संक्रमण ह्वात्तै बढेको सरकारी तथ्यांक छ । त्यसको एक महिनामा यो रोगले प्रकोपको रूप लिन थाल्यो । अवस्था उत्कर्षमा पुग्दा पनि डेंगुको कुन प्रकार अर्थात् सिरोटाइप फैलिएको हो भन्नेबारे परीक्षण भएको थिएन । यसैसाता धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले १२ जना डेंगुका बिरामीहरूबाट नमुना संकलन गरी परीक्षण गऱ्यो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाअन्तर्गत कीटजन्य रोग प्रमुख डा.गोकर्ण दाहालका अनुसार तीमध्ये सात वटा नमुनामा सिरोटाइप वन र पाँच वटामा सिरोटाइप थ्री पुष्टि भयो ।

'सानो नमुनामा दुई प्रकारको संक्रमण देखियो । तर देशव्यापी रूपमा यी दुई सिरोटाइप नै फैलिएका हुन् भन्ने प्रमाणित गर्न धेरै नमुनाको परीक्षण आवश्यक पर्छ', उनले भने । डा. दाहालका अनुसार सात वटै प्रदेशका विभिन्न अस्पतालबाट डेंगु प्रकोप उत्कर्षमा रहँदाको नमुनाहरू संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ल्याइएको छ । ती नमुना अध्ययनपछि कुनकुन सिरोटाइप फैलियो भन्ने कुरा पुष्टि हुन्छ ।



यद्यपि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको परीक्षणलाई आधार बनाई नेपालमा पहिलोपटक डेंगुको सिरोटाइप थ्री फैलिएको विवरणहरू सार्वजनिक भएका छन् ।

### के हो सिरोटाइप ?

सिरोटाइप कुनै पनि सूक्ष्मजीवको विभिन्न प्रकार वा प्रजातिहरूको वर्गीकरण हो । डेंगु भाइरस संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने यस रोग चार प्रकारका छन् । जसलाई सिरोटाइप वन, सिरोटाइप टू, सिरोटाइप थ्री र सीरोटाइप फोरमा वर्गीकरण गरिएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार एक जना मानिसलाई पटकपटक गरी यी चार वटै प्रकारका डेंगुले संक्रमण गर्न सक्छ । प्रत्येक वर्ष विश्वभरि १० देखि ४० करोड मानिसहरूलाई डेंगु संक्रमण हुने आँकलन गरिएको छ । तीमध्ये ८० प्रतिशतलाई मध्यम खालको लक्षण देखिने वा लक्षणरहित हुने जनाइएको छ । यसअघि भएका अध्ययन तथा अनुसन्धानले नेपालमा डेंगुको चार वटै सिरोटाइप देखिएको पुष्टि गर्छ । सन् २००८ मा नेसनल लाइब्रेरी अफ मेडिसिनमा प्रकाशित एउटा लेखमा उल्लेख गरिएको छ, 'विभिन्न चिकित्सकीय र प्रयोगशालामा गरिएका परीक्षणको परिणामहरूले नेपालमा चार वटै डेंगु सिरोटाइपहरूको संक्रमण पुष्टि गरेको छ ।'

सन् २००६ मा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको प्रत्यक्ष संलग्नतामा भएको अनुसन्धानले पनि त्यतिबेलै नेपालमा डेंगुको चार वटा सिरोटाइप भएको निष्कर्ष निकालेको थियो । बाँके, दाङ, काठमाडौं, नेपालगञ्जसहितका ठाउँमा एकै समयमा फरकफरक किसिमका सिरोटाइप फैलिएको जनाइएको छ । तर सबै सिरोटाइप एकैपटक फैलिए पनि तीमध्ये एउटाको प्रभाव बढी हुने बताउँछन् शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा.शेरबहादुर पुन ।

उदाहरणका लागि, सन् २०१९ मा काठमाडौंमा सबै प्रकारका डेंगु फैलिएको भए पनि सिरोटाइप टूको असर बढी देखिएको उनले बताए । उनले भने, 'सिरोटाइप थ्री देखिनु नौलो कुरा होइन र यो निकै तर्सिनुपर्ने विषय होइन ।' 'तर सरकारी वा निजी अस्पतालहरूले आफूकहाँ परीक्षण गराउन आएका बिरामीहरूको नमुना संकलन गरी कुन सिरोटाइप हो भन्नेचाहिँ परीक्षण गर्नुपर्थ्यो । त्यसले सतर्क रहन मद्दत पुऱ्याउँछ', उनले भने ।

उनका अनुसार कुनै पनि वर्ष यसअघि देखिएको भन्दा फरक सिरोटाइपको डेंगु देखिन सक्छ । पहिले संक्रमण भइसकेको मानिसलाई पहिलेको भन्दा भिन्न डेंगु सिरोटाइप संक्रमण भए त्यसले कडा असर गर्ने उनले बताए । उनले भने, 'त्यस्तो अवस्थामा अस्पताल जानुपर्ने सम्भावना बढ्छ । प्रकोप हुँदा अस्पतालमा चाप र मृत्युको जोखिम पनि बढ्छ । यस्तो अवस्था आउन नदिने तयारीको निम्ति भए पनि सिरोटाइप परीक्षण हुनुपर्छ ।'

हिउँद लागेसँगै लामखुट्टे कम हुने भए पनि अझै केही साता यो पूर्ण रूपमा नसकिने विज्ञहरूको आँकलन छ । यो प्रकोप उत्कर्षबाट ओर्लिंदै गए पनि संक्रमण शून्य हुन समय लाग्ने डा. पुन बताउँछन् । उनी भन्छन्, 'चिसो मौसम सुरु हुँदैमा लामखुट्टे नआउने र डेंगु हराउने भन्ने हुँदैन । दसैंतिहारपछि प्रायः गर्मी ठाउँबाट काठमाडौं आउने मानिसहरूमा यो रोग देखिन्छ । यो विगतको अनुभव हो ।'

त्यस्तै इपिडिमियोलोजी अफ डेंगु भाइरस इन्फेक्सन इन नेपाल, २००६-२०१९ नामक एक अनुसन्धानको निष्कर्षमा पनि लेखिएको छ, 'नेपालमा डेंगु संक्रमणको दायरा बढेको छ र यो देशको तल्लो भेगहरूबाट माथिल्लो भेगतर्फ उक्लिरहेको छ ।'

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का शोधकर्ता डा.विष्णु मरासिनीका अनुसार परिषद्ले सन् २०१९ को डेंगु प्रकोपपछि गरिएको अनुसन्धानमा पनि हिमाली भेगमा डेंगु भाइरस सार्ने लामखुट्टे फेला परेको थियो । साथै दोलखाजस्ता माथिल्लो भेगका मानिसहरूमा डेंगु पुष्टि भएको थियो ।

'उहाँहरूमा लक्षण देखिएको थिएन तर रगत परीक्षण गर्दा डेंगु भाइरसको संक्रमण थियो । यस्ता तथ्यहरूलाई आधार मानेर हामीले पुनः यसको प्रकोप देखिने आँकलन गरेका थियौं', मरासिनीले भने ।

### तथ्यांकले के देखाउँछ ?

नेपालमा यो वर्ष अहिलेसम्म झन्डै ४२ हजार जना डेंगु संक्रमित भएको र तीमध्ये ४९ जनाको मृत्यु भएको सरकारी तथ्यांक छ । तर, डा.शेरबहादुर पुन भने यथार्थमा सार्वजनिक संख्याको चार/६ प्रतिशत बढी मानिस संक्रमित भएको हुन सक्ने बताउँछन् । 'किनकि केही अस्पतालमा अति गाह्रो भएका मानिसहरू पुगेका छन् । तीबाहेक सहन सक्ने लक्षण देखिएका वा लक्षणरहित संक्रमण भएकाहरूको गन्ती भएको छैन', उनले भने ।

### कुन उमेर समूहलाई बढी असर गरिरहेको छ ?

नेपालमा अहिले प्रकोप बनेर फैलिएको डेंगु बिस्तारै घट्न थाले पनि संक्रमण देखिएका स्थानका मानिसहरू कात्तिक मसान्त वा मंसिरको मध्यसम्म निकै सतर्क रहनुपर्ने अधिकारीहरूले बताएका छन् ।

त्यस अवधिसम्म डेंगु संक्रमितको संख्या अझै बढ्न सक्ने आँकलन रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाअन्तर्गत कीटजन्य रोग प्रमुख गोकर्ण दाहालले बताए । 'डेंगु नियन्त्रणका लागि हामीले अपनाउँदै आएको उपायहरूलाई निरन्तरता दिनुपर्छ । साथै निगरानी र सतर्कता बढाउनुपर्ने देखिन्छ', दाहालले भने । महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार असोज ३१ सम्ममा देशभरि कुल ४१ हजार ७ सय ४३ जना मानिस डेंगु संक्रमित भएका छन् । र, तीमध्ये ४९ जनाको मृत्यु भएको छ ।

दुईदेखि तीन वर्षको अन्तरालमा नेपालमा प्रकोपको रूप लिएर फैलिने भनिएको डेंगुले हरेक उमेर समूहका मानिसहरूको स्वास्थ्यमा असर पारेको विज्ञहरूले बताएका छन् । डेंगु भएकाहरूमध्ये वयस्कहरूको स्वास्थ्यमा बढी असर देखिएको बताउँछन् शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डाक्टर शेरबहादुर पुन । 'डेंगुको लक्षणसहित हरेक उमेर समूहका बिरामीहरू परीक्षण वा उपचारका लागि आउँछन् । उनीहरूमध्ये प्रायः ५० भन्दा कम उमेर समूहका मानिसहरू छन्', डा. पुनले भने ।

धेरै संक्रमित छोटो अवधिको लागि भए पनि अस्पताल आएको उनी बताउँछन् । त्यसका प्रमुख तीन कारण यस्ता छन् : शरीर अत्यधिक दुख्नु, निरन्तर बान्ता हुनु र गिजा, नाकलगायत शरीरको विभिन्न भागबाट उच्च रक्तस्राव हुनु ।

संक्रमित महिलाहरूमध्ये केहीले भने आफ्नो महिनावारीमा समेत सामान्य अवस्थामाभन्दा बढी रक्तस्राव भएको उल्लेख गरेको डा. पुनले जानकारी दिए । त्यस्तै केहीले समय अगावै वा केही ढिला महिनावारी भएको जनाएको उनले बताए ।

पुनले भने, 'यो उपचारका लागि आएका केही महिलाहरूले उल्लेख गर्नु भएको कुरा हो । डेंगुले साँच्चै महिनावारीमा असर गर्छ वा गर्दैन भन्नेबारे चाहिँ अध्ययन भएपछि मात्र निर्क्योल गर्न सकिन्छ ।'

### वृद्धवृद्धाको अवस्था कस्तो ?

डेंगु भएका पाका उमेरका मानिसहरूमा पनि गम्भीर प्रकृतिका असरहरू देखिएको चिकित्सकहरू बताउँछन् । यद्यपि, उपचारका लागि आउने डेंगु संक्रमित वृद्धवृद्धाको संख्या तुलनात्मक रूपमा केही कम रहेको बताइन्छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डाक्टर मिलन बज्राचार्य भने डेंगुले प्रभावित गरेकाहरूमध्ये अधिकांश ६० वर्ष उमेर कटेकाहरू छन् ।

उनले भने, 'रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले उमेर धेरै भएकामा असर धेरै देखिएको हुनसक्छ । यद्यपि, संख्यात्मक हिसाबमा संक्रमित हुनेहरूमा वृद्ध वृद्धाभन्दा युवाहरू बढी छन् ।'

त्यस्तै लामो समयदेखि औषधि सेवन गर्दै आएका, मुटु वा कलेजोको समस्या भएका, एचआइभी संक्रमण भएका मानिसहरूमा डेंगुले जटिलता निम्त्याउन सक्ने डा. बज्राचार्यको भनाइ छ । डेंगु संक्रमण हुँदा कतिपयको रगतमा प्लेटलेट्स मात्रा घट्ने र त्यसले बिरामीलाई गम्भीर बनाउने उनले बताए ।

### बालबालिकालाई कति असर गर्छ ?

कान्ति बाल अस्पतालका बाल रोग विज्ञ डा.प्रकाश जोशीका अनुसार त्यहाँ दैनिक चारदेखि पाँच जना बालबालिकाहरूमा डेंगु पुष्टि भइरहेको छ । तीमध्ये केहीमा सामान्य लक्षणहरू मात्र देखिए पनि केहीमा चिन्ताजनक स्वास्थ्य समस्या देखिने र केहीको अवस्था जटिल बन्ने उनले बताए । 'अन्य स्वास्थ्य परीक्षण वा उपचारका लागि आएका बालबालिकाहरूमा पनि शंकास्पद लक्षण देखिए डेंगु जाँच गराउँछौं । र शंकास्पद प्रायमा डेंगु देखिन्छ', डा. जोशीले भने, 'डेढ वर्षको बच्चालाई समेत डेंगु भएको छ ।'प्रायः बालबालिकाहरूमा अत्यधिक टाउने दुख्ने, ज्वरो आउने, पेट दुख्ने र बान्ता हुने लक्षण देखिएको र केहीमा रक्तस्रावको समस्या देखिएको उनले जानकारी दिए ।

वयस्क बिरामीहरूले आँखा वरपर दुख्ने, मांसपेशी र हड्डी दुख्नेजस्ता लक्षणहरूबारे बताए पनि बालबालिकाले त्यस्ता समस्याबारे बताउन नसक्ने डा.जोशीले बताए । त्यसैले उनीहरूमा जाँच गर्दा देखिने लक्षणहरूका आधारमा उपचार हुने उनले जिकिर गरे ।

डेंगुका कारण जटिल अवस्थामा पुगेका बालबालिकाहरूमा शरीरको विभिन्न भागमा पानी जम्ने समस्या देखिन्छ । 'प्लाज्मा लिक' भएको भनिने यस अवस्थामा बालबालिकाको रक्तचाप निकै कम हुन्छ र हातखुट्टा चिसो बन्ने चिकित्सकहरू बताउँछन् । 'रक्तनलीमा हुनुपर्ने पानी तन्तुहरूमा गएर जम्मा हुन्छ । जसले गर्दा डेंगु सक सिनड्रोमहरू देखिन्छन्', डा. जोशीले भने ।यसपटक शुक्रराज ट्रपिकलमा समेत उच्च संख्यामा बालबालिकाहरू ओपीडी जाँचका लागि ल्याइएको डा. शेरबहादुर पुनले बताए । उनका अनुसार यसअघिका वर्षहरूमा डेंगुको आशंकामा निकै कम बालबालिकाहरू त्यहाँ परीक्षणका निम्ति आउँथे ।

### के हो डेंगु ?

विश्वभरि प्रत्येक वर्ष ४० करोड मानिसलाई डेंगु हुन्छ । यो भाइरस एसियाका विभिन्न भाग, दक्षिण तथा मध्य अमेरिका र क्यारिबिअन क्षेत्रमा सामान्य मानिन्छ । प्रायः एडिज एजिप्टी र कतैकतै एडिज एल्बोपिक्टस जातका लामखुट्टेको टोकाइबाट डेंगु भाइरस सर्छ । यी लामखुट्टेले येलो फिभर, जिका भाइरस र चिकूङ्गून्या पनि सार्छन् ।अमेरिकी स्वास्थ्य निकाय सिडिसीका अनुसार विश्वको झन्डै आधा जनसंख्या अर्थात् चार अर्ब मानिस डेंगु भाइरसको जोखिमयुक्त क्षेत्रमा बस्छन् ।

यो भाइरसको संक्रमण हुँदा ज्वरो आउँछ, शरीरमा डाबर देखा पर्न सक्छ र टाउको तथा पूरै जीउ दुख्न सक्छ । केही बिरामीलाई निरन्तर पेट दुख्ने, बान्ता हुने, जीउ सुन्निने, गिजाबाट रगत आउने, छटपटी हुने जस्ता जटिल समस्या देखा पर्न सक्छन् । यो रोग प्राणघातक पनि हुन सक्ने भएकाले त्यस्तो अवस्थामा चिकित्सकसँग परामर्श गराउनुपर्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार समयमै उपचार गरे मृत्युदर एक प्रतिशतभन्दा कममा राख्न सकिन्छ । तर, यो रोग जुनसुकै उमेर समूहका मानिसहरूलाई लाग्न सक्ने भए पनि प्रतिरोधात्मक क्षमता कम हुने हुँदा बालबालिका र वृद्धवृद्धाले विशेष ध्यान दिनुपर्ने विज्ञहरूको सुझाव छ । लामखुट्टेको टोकाइबाट जोगिनु र लामखुट्टे नियन्त्रण नै डेंगुबाट जोगिने उपाय हुन् ।

### डेंगुबाट बच्ने के कस्ता उपाय छन् ?

- लामखुट्टेको जीवनचक्रलाई नष्ट गर्ने
- खुला स्थानमा पानी जम्मा नगर्ने वा हुन नदिने
- पानी छोपेर राख्ने
- शरीरको अधिकांश अंग ढाक्ने खाले लुगा लगाउने
- सकेसम्म फिक्का सेतो रङको पहिरन लगाउने
- दिनको समयमा टोक्ने लामखुट्टेबाट बच्ने
- लामखुट्टेको टोकाइ जोगिन लामखुट्टेलाई विकर्षित गर्ने मलम प्रयोग गर्ने


## कुशवाहा मोटर्स
वीरगंज -१४ पर्सा

### अधिकतम खद्रा बिक्री मूल्य (MRP)

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | ईकाइ | प्रति इकाइ मुल्य | अधिकतम खुद्र बिक्री मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | E-Tricycle Complete Set SFT-3 | Three Wheeler | KM POWER | SFT-3 2022 | 1+4 | India | 1 pcs | 1,70,437.71 | 1,70,437.71 | |

बिक्रेता फर्म नाम :- कुशवाहा मोटर्स पान नं. 605202391 एक्जिम कोड :- 605202391128NP
ठेगाना :- वीरगंज -१४ पर्सा मो. 9801082474



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

## Peoples' Embankment Program
Jhapa

## Invitation for Bids

*First Date of publication: 2079/07/04*

1. Peoples' Embankment Program, Jhapa invites e-bids from eligible bidders for the works mentioned below under National Competitive Bidding (NCB) procedure.
2. Bid document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment(s), if any, shall be issued only on above website.
3. Eligible Bidders may obtain further information at the office of Peoples' Embankment Program, Jhapa, Email: **pep1dwidp@gmail.com**, Tel. No. 023-410101 or may visit PPMO website **www.bolpatra.gov.np/egp**

| S.N. | Contract ID | Description of works | Bid Security Amount (NRs.) | Fee of Bid Document (NRs.) | Minimum Average Annual Construction Turnover (NRs. in million) | Minimum Work Experience of Similar Size & Nature (NRs. in million) |
|---|---|---|---|---|---|---|
| 1 | PEP/KAN-01/079/80 | Construction of River Training Structures at Left Bank of Kankai River Jhapa Rural Municpality-01, Milan Basti, Jhapa. | 925000.00 | 5000.00 | 48.00 | 13.00 |
| 2 | PEP/KAN-02/079/80 | Construction of River Training Structures at Left Bank of Kankai River Shivasatakshi Municpality07, Lalpani,Rudhila, Jhapa. | 575000.00 | 5000.00 | 30.00 | 8.00 |
| 3 | PEP/KAN-03/079/80 | Construction of River Training Structures at Right Bank of Kankai River Gauriganj-01, Devigada Purwa-Santhal Basti, Jhapa. | 550000.00 | 5000.00 | 28.00 | 8.00 |
| 4 | PEP/BIR-01/079/80 | Construction of River Training Structures at Left Bank of Biring River, Barhadashi Rural Municipality-2&4, Jhapa | 1015000.00 | 5000.00 | 52.00 | 14.00 |
| 5 | PEP/RAT-01/079/80 | Construction of River Training Structures at Right Bank of Ratuwa River, Ratuwamai Municipality-7, Morang | 525000.00 | 5000.00 | 28.00 | 8.00 |
| 6 | PEP/RAT-02/079/80 | Construction of River Training Structures at Left Bank of Ratuwa River, Gauradaha Municipality-6, Jhapa | 555000.00 | 5000.00 | 28.00 | 8.00 |
| 7 | PEP/DHQ-01/079/80 | Construction of River Training Structures at Right Bank of Mechi River, Bhadrapur Municipality-3,Bhaisabari, Jhapa | 560000.00 | 5000.00 | 30.00 | 8.00 |

Office Chief

# नेपाली कथा परम्परामा नयाँ बिहानी

पुस्तक चर्चा




गोविन्द पौडेल

एकै बसाइमा पढिभ्याइने तर कथाको मर्मले मुटुभरि हलचल ल्याउनसक्ने तागत बोकेका अनि जीवनका तीतामीठा विषय कथाको नौलो बान्कीमा भन्नसक्ने सुकिला कथाहरू छन्: अर्को भोर कथासंग्रहमा। मैले धेरै समयपछि यति खिरिला कथा पढ्ने मौका पाएको छु। कथाको मर्मले भित्रैसम्म हिर्काएको मन अझै सम्हालिएको छैन, र मलाई यसो भनिरहँदा रत्तिभर संकोच पनि लागेको छैन। अर्को भोरमाथिको कुनै अतिरञ्जना पनि होइन। कथाका सबै इन्द्रेणी रङहरू पुस्तकभरि पोखिएका छन्। हाम्रो आफ्नै आँगन, समाज, मिथ, प्रवास र प्रेमका अलंकृत भंगिमाहरू कथाका पानाभरि छताछुल्ल त छन् नै ती हाम्रो मथिगंल हल्लाइदिन पटकपटक उपस्थित भइरहन्छन्। यस संग्रहमा प्रवासी नेपालीको कथाव्यथा र सपनाहरू त निस्सन्देह छन् नै त्योभन्दा ज्यादा प्रवासी छातीमा लागेका चोट छन्। ती चोटहरू कहिले बिसेक भएजस्ता हुन्छन् किन्तु सत्य हो: चोटहरू बल्झिरहन्छन्।

मान्छेलाई दु:खले छोड्दैन। जहाँ गए पनि दु:ख र दर्दहरूसँगै हिँड्छन्। दु:खमुक्ति सम्भव छैन। कति हो भने दु:खको किसिम बदलिन्छ। दु:खको प्रकार अनि ठाउँ बदलिन्छ। खुसी पनि झुल्किन्छन् जीवनमा कहिलेकाहीँ किन्तु तिनको उमेर छोटो हुनेरहेछ। यद्यपि खुसीको खोज जारी रहन्छ; यो मानवस्वभाव हो।

आधुनिक कथाहरू खासमा अचेल कुनै विशिष्ट र पूर्वनिर्मित ग्रान्ड थ्यौरीभित्र अटाइरहेका हुँदैनन्। सर्जकहरू आफ्ना सिर्जनामा अनेकौं प्रयोगधर्मिताका सिर्जनात्मकता र नवीनतम् क्षितिज खोजिरहेका हुन्छन् जसका अघिल्तिर रेडिमेट थ्यौरीहरू फिका लाग्न पुग्छन्। अर्को भोर कथा सिर्जनात्मकताका दृष्टिबाट पनि अब्बल देखिन्छ। संग्रहमा चौधवटा कथा छन्। सबै कथामा प्राय: गहिरो व्यथा बुनिएकै छ। गम्भीर मर्म बोलिएकै छ। कथाले जे देखाउन खोजेको हो त्यो देखाउन कथाकार सक्षम छन्। छपाइका केही सामान्य त्रुटि पनि देखिन्छन् तर तिनले कथाको आस्वादनमा




खासै फरक पारेका छैनन्।

वास्तवमा विभेद र अपमानका कथा मुलुकभित्र मात्र छैनन् ती त हाम्रै सपनाका पराइ मुलुकहरूमा पनि हुँदारहेछन्। सभ्यता र आधुनिकताको चमत्कारभित्र पनि विभेदका व्यथाहरू त बाँचेकै हुँदारहेछन्। तीन बराबर पाँच कथा पढिरहँदा हामी हाम्रो सपनाको संसार संयुक्त राज्य अमेरिकालाई धिक्काछौं। त्यहाँ आजका दिनसम्म पनि कालाहरूलाई गैरमानवकै रूपमा हेरिँदोरहेछ। यो के वास्तवमा अमेरिकी वैभवतामा लागेको कलंक होइन र ?

प्रवासको सहिनसक्नु पीडा, दिक्दारी र व्यस्तता अनि स्वदेशको अभाव, भेदभाव र बेरोजगारीको भयावह जिन्दगी देख्दा नेपालीको दु:ख बिसाउने आमाको काख र चौताराको चिसो हावा खाने मातृभूमि कतै रहेनछ भन्ने भाविक सत्य साकार हुँदा पाठकहरू पत्तै नपाइ आँखा भिजाइरहेका हुँदा हुन्।

परदेशिएको पतिको बाटो कुरिरहेकी सीताको व्यथा भन्ने रामकथा आजको हाम्रो समाजको नमिठो कथा हो। वैदेशिक रोजगारीका अनगिन्ती बाइप्रोडक्टले समाज बसिनसक्नु हुँदैजाँदो छ। कोभिडको महाव्याधी सुरु भएपछि काम गरिखानेहरूको जीवनमा आएको आँधी र रित्तिएको सातुसामलको कहर अनि सरकारी भनिने अधिकारीहरूको पतनशीलताको कथा भन्छ मास्कले। यौनकर्मीहरूको विवश जीवनकहानीभित्र जेनी, जुनेली र सावित्रीहरूको आँसु मिसिएर पाठकलाई भिजाइदिन्छन्।

ब्ल्याकहोल कथामा पोखिएको नारी उच्छ्वास र सुस्केराहरू अप्राप्त प्रेम अनि मानसिक अन्तरद्वन्द्व बेहोर्दाबेहोर्दै अनि जीवनमा ठिक र बेठिक छुट्याउँदा छुट्याउँदै पाठक पनि कथाकी पात्र स्नेहाजस्तै कन्फ्युज्ड हुन्छ। अनि दु:खै भोग्छ विचरा !

उज्यालो: एउटा प्रस्थानविन्दु कथा अत्याधुनिक युगमा हुने लैंगिक विभेदको एउटा दृष्टान्त हो। मेसिनहरूको दास भइरहँदा पनि लोग्नेमान्छे आफूलाई अझै पनि सुपेरियर नै ठानिरहेको छ।

सन्तान वियोगको पीडामा जलिरहेका आमाबुबाहरू प्रवासी सन्तान पर्खदै बाटो हेरिरहँदा हाम्रो मनमुटु हुँडलिन्छ तर यो वेदना त साम्य हुने छाँटकाँट देखिएको छैन। नारी अस्मिताको वरिपरि फन्को मार्ने कथा लयले पनि शिक्षित भनिएका पुरुषहरूको मेन्टालिटी उघार्छ। परदेशको बिरानो हावापानी अनि हुनसम्म यान्त्रिक भएको परदेशी सामाजिक चेतनामा बिल्कुलै रम्न नसकेकी एक्ली अनि सोझी पाल्पाली सुमित्रा बज्यै आफ्नै छोराबुहारीले जुटाइदिएको अमेरिकी सम्पन्नता झेल्न नसकी एक्वारियममा राखिएको रातो माछासँग एकालाप गर्दै गाउँ सम्झिन्छिन्। नेपाली ग्रामीण परिवेश र संगिनीको सम्झनाको सप्को भुल्न नसकेर सुमित्रा बज्यै आफ्नै गाउँ फर्किन्छिन्। एक्वारियम कथामा फेरि एक पटक हाम्रै समाज रुँदै बोलिरहन्छ।

दुई चार पैसो कमाउने अनि आमाबालाई कम्तीमा एउटा सुकिलो झुप्रामा राख्ने लालसाले खेदिएर प्रवास आएको श्रवण परदेशमा घोटिँदा घोटिँदै आफ्नी आमा गुमाउँछ अनि बिरक्तिएर घर फर्कन खोज्छ। वेदनाको कुनै नाम हुँदैन। यो केवल भोगिन्छ र दुखिरहन्छ।

माओवादी विद्रोहताका भएका ज्यादती र अपराधको साक्षी बनेको छ मिल्खु कथा। निर्दोषको अंगभंगको आघात र हजारौंको हत्याले प्राप्त गणतन्त्रले विद्रोहले बनाएको घाउ कति निको बनाउन सकेको छ सबैलाई थाहै छ।

स्वैरकाल्पनिकतामा तयार पारिएको कथा काकबन्ध्या चोटिलो मात्र छैन हाम्रा सांस्कृतिक चालचलनका अँध्यारा पाटाहरू देखाउन सक्षम छ। नारी उत्पीडनका अनेक पाटाहरू उधिन्न खोज्दा लौरी बज्यैले भोगेका यावत् पीडा अझै पनि समाजमा रहेकै छन् केवल मात्राको भिन्नता होला।

बेजुबान अमेरिकी परिवेशमा तयार पारिएको कथा हो। यथार्थपरक छ। पारिवारिक बिछोडबाट उब्जिने अनेक मनोसामाजिक विकृति र बायलजिकल आवश्यकताले मानिसको मानसिक र वैचारिक सद्दपना नाश हुँदै गएको सत्यले हामी खिन्न हुन्छौं। प्रवास र परदेशको सेटिङ अनि स्वदेश र समाजका सत्यलाई सामाजिक यथार्थमा आधारित रहेर होस् अथवा स्वैरकल्पनाको सहारा लिएर होस् कथाकार केशवराज ज्ञवालीको 'अर्को भोर' नेपाली कथा साहित्यको स्वर्णिम बिहानी ल्याउने अद्वितीय कथासंग्रह हो। पद्मश्री साहित्य पुरस्कार २०७८ बाट समेत रिवार्डेड अर्को भोर कथाको बेजोड विषय र प्रस्तुति अनि जीवन्तता र शालीनताले आफ्नो फिल्डको मास्टरपिस नै बन्न पुगेको छ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
**Office of Hydrology and Meteorology**
Dharan, Sunsari

**Notice for Addendum-1**

**Publication Date: 2079/07/05**

This is in reference to notice published in the Sourya National Daily on 28 September 2022, regarding contract No. and Title: OHMD/G/NCB/01-2079/80 "Upgrading Manual Hydrological Stations to Automatic Hydrological Stations", following addendum have been made in the Bid document.

- The bid submission deadline has been extended to **06 November 2022.**
- The specification of Compact Data Collection Platform (CDCP) (Under 3. Technical Specification has been amended and details of these amendment can be viewed on website www.bolpatra.gov.np .

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

उपभोक्ता सचेतनासम्बन्धी बेलबारी नगरपालिकाको सूचना

■ सुरक्षीत रहौं ■ रोकथाम गरौं ■ नियन्त्रण गरौ

- डेंगी-रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइंबाट मात्र सर्दछ ।
- थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
- डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन ।

■ डेंगीबाट बच्ने उपायहरु :

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि विहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
- आफ्नो घर परिपरि, कार्यस्थल र सार्वजनिक ठाउँहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडोलाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।
- दिउँसो पनि लामखुट्टे भगाउने धुप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- विहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
- पुरै शरिर ढाक्ने लुगा लगाउने ।

युएइमा रोजगार — EMRILL SERVICES LLC, DUBAI
पुन: विज्ञापन — पूर्व स्विकृति मिति: २०७८।१२।११ चलानी नं. ६०१७६६९१ LT No. 260463

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन कामको घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 89 | काममा दक्ष | 900 | 27000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Male | 61 | | 900 | 27000 | | | | | | | |
| 3 | Receptionist Male | 15 | | 1000 | 30000 | | | | | | | |

अन्तरवार्ता: काठमाडौं, का.म.न.पा. मुख्य कार्यालयमा २०७९ कार्तिक १२ गते हुनेछ ।

कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
कञ्चन हाउस, एयरपोर्ट गेट (होटेल हेमा संगैको रातो घर), काठमाडौं, फोन: ४५६४७०८

Malaysia मा रोजगार — T.H.L. Sofa Sdn. Bhd.
पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०३/२३ चलानी नं. ६०१८२९७९ LT No.: 266896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 1 | साधारण | 1500 | ४२,२७४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ कार्तिक १२ गते (29 Oct, 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०११११२२५९, ९८०११११२२५०, ९८०१०६४०९१

Malaysia मा रोजगार — Firmcity Sdn. Bhd.
पूर्व स्वीकृती मिति: २०७९/०७/४ चलानी नं. ६०१८९८२४ LT No.: 274041

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cargo Handling | 20 | काममा दक्ष | 1500 | ४२,५५७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ कार्तिक १२ गते (29 Oct, 2022) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

गुडवील ईन्टरनेशनल प्रा. लि.
टोखा -७, बसुन्धारा चौकी, काठमाडौं, फोन: ४३८३८५९, फ्याक्स: ४३८३८६७

कतारमा वैदेशिक रोजगारको अवसर | कम्पनी : Shabrawi Restaurant WLL सहर : Doha
पूर्व स्वीकृत मिति: २०७९/०७/०४ चलानी नं.: ६०१८९८२८ LT. No.: 274203

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen. Clean Worker | 6 | 0 | ३ कक्षा पास | 1300 | ४७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: कार्तिक १४ गते (31 Oct. 2022 मा) हुनेछ ।

White Gloves International Pvt. Ltd
P.O.Box No.: 9688, Samakhusi, Kathmandu, Tel.: 4364953
Govt. Lic. No. 1060/073/074 Mob.: 9851207062, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com

Malaysia मा रोजगार — Aurora Haus Sdn. Bhd
पूर्व स्वीकृती मिति: २०७९/०७/०४ चलानी नं. ६०१८९८३६ LT No.: 274122

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 20 | 0 | साधारण | 1500 | ४२,०५९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ कार्तिक १२ गते (29 Oct. 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gurkha Employment PVT. LTD.
Tokha-14, Samakhusi, Kathmandu, Tel.: 01-4383267
Email : contactgurkha@gmail.com | Web : www.gurkhaemployment.com

भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लि.को विशेष साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/७/०२ गते बुधबार ३:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा आ.व. २०७८/७९ को लेखा परीक्षा प्रतिवेदन, लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति, लगायत विविध विषयमा छलफल गरी निर्णय गर्नको लागि उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**
मिति : २०७९।०७।२० गते आइतबार (तदनुसार नोभेम्बर ६, २०२२)
समय : अपरान्ह ३:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बानेश्वर

Malaysia मा रोजगार — Koito Malaysia Sdn. Bhd.
पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०४/१८ चलानी नं. ६०१८४४५१ LT No.: 268327

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 111 | 00 | साधारण | 1500 | ४२,५६६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ कार्तिक १२ गते (29 Oct, 2022) यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौंमा हुनेछ ।

WIN RECRUITMENT PVT. LTD.
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267

Malaysia मा रोजगार — Frontken Malaysia Sdn. Bhd.
पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०५/२९ चलानी नं. ६०१८७९७३ LT No.: 271913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 40 | 00 | साधारण | 1500 | ४२,२०५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ कार्तिक १२ गते (29 Oct. 2022) यस प्रा. लि. को कार्यालय, घुम्बराही, काठमाडौंमा हुनेछ ।

KATHMANDU H.R. SOLUTION PVT.LTD.
Dhumbarahi-9, Kathmandu, Ph. No : 01-4371271, 4371714, Fax: 4375136
Email : kathmanduhrsol@gmail.com, Web : www.kathmanduhr.com

दोल्ती पावर कम्पनी लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/७/०२ गते बुधबार बिहान ११ बजे बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा संचालक समितिको पुनर्गठन, आ.व. २०७८/७९ को लेखा परीक्षा प्रतिवेदन, लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति, लगायत विविध विषयमा छलफल गरी निर्णय गर्नको लागि उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**
मिति : २०७९।०७।१८ गते शुक्रबार (तदनुसार नोभेम्बर ४, २०२२)
समय : अपरान्ह ३:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बानेश्वर

## तिहारको झिलिमिलिले रंगियो बजार

# फूलमा अझै पनि परनिर्भरता कायमै




## साढे १३ करोडको फूल कारोबार

काठमाडौं । फ्लोरिकल्चर एशोसिएशन नेपालका अध्यक्ष मीनबहादुर तामाङले विगतका वर्षमा भन्दा यस वर्षको तिहारमा भारतबाट ल्याइने फूलमा कमी आउने बताएका छन । पछिल्लो समय व्यावसायिक रूपमा फूल खेती गर्नेको संख्यामा बृद्धि भएको छ । नेपालमा नै पुष्प व्यवसायको व्यवसायिक उत्पादन बढ्दै गएकाले चाडपर्वमा आवश्यक फूल विदेशबाट आयात गर्न नपर्ने अवस्थामा आउने एसोसियसनको भनाई छ ।

एशोसिएशनले यो वर्षको तिहारमा करिव साढे २४ लाख फूलका माला खपत हुने बताएको छ । गत वर्षको तिहारमा भन्दा यो वर्षको तिहारमा दुई लाख मालाको खपत बढेर साढे २४ लाख फूलको माला खपत हुने आकलन एसोसियसनले गरेको हो ।

तिहारको पाँच दिनमा करिव २० लाख सयपत्री, सवा चार लाखभन्दा बढी मखमली र २० हजार गोदावरी फूलको माला खपत हुने एसोसियसनको अनुमान छ । नेपालमा तिहारका लागि गत वर्ष करिव १२ करोड रुपैयाँ बराबरको फूलको कारोबार भएको थियो । यो वर्ष करिव साढे १३ करोड रुपैयाँ बराबरको फूलको कारोबार हुन सक्ने पनि एशोसिएशनले बताएको छ ।

- **फूलै फूलले बजार ढकमक्क**
- **वार्षिक कारोवारको ५० प्रतिशत फूल तथा माला तिहारमा मात्रै खपत**
- **भारतबाट १ करोड ५० लाख रूपैयाँको फूल तथा माला आयात**
- **स्थानीय उत्पादनको बजारीकरणमा समस्या**
- **सायपत्री फूल अमेरिकादेखि युरोपका मुलुकहरूमा पनि निर्यात**
- **कतौ फूल अभाव त कतै माला गास्न भ्याई नभ्याई**

**सौर्य समाचार**

काठमाडौ । यमपंञ्चकको सुरुवात संगै बजार रंगिएको छ । बजारमा तिहारको रौनकले लोभलाग्दो वातावरण सिर्जना भएको छ । चारै तिर फूलै फूलले बजार सिंगारिएको छ । तिहारलाई फूलै फूलको पर्व पनि भन्ने गरिएको छ । सोही कारण तिहार लक्षित फूल व्यापारले पनि प्रश्रय पाउदै आएको छ ।

तिहारमा मात्रै करोडौ रुपैयाको फूलको व्यापार हुने गर्छ । तर पनि स्वदेशमा माग अनुसार फूल उत्पादन हुने गरेको छैन । अझै पनि फूलको लागि अन्य मुलुकको भर पर्नुपर्ने अवस्था विद्यमान रहेको छ । तिहारको लागि मात्रै भारतबाट करोडौ रुपैयाको फूल आयात हुने गरेको छ ।

तिहारको लागि आन्तरिक बजारले धान्न नसक्ने भएपछि भारतबाट १ करोड ५० लाख रुपैयाँको फूल तथा मालाहरू आयात गर्नुपर्ने देखिएको फ्लोरिकल्चर एसोसिएसन नेपालका महासचिव विश्वमणि पोखरेलले बताएका छन ।

आन्तरिक उत्पादनले नपुग्ने भएपछि गत वर्षको तिहारमा जस्तै यो वर्ष पनि फूल तथा फूलका माला भारतबाटै ल्याउनुपर्ने देखिएको हो । आन्तरिक बजारमा मालाको मुल्य निर्धारण गरिएपनि सो भन्दा धेरै नै बढि मुल्य तिर्नुपर्ने वातवरण व्यवसायीहरुले सिर्जना गरेका छन । सोही कारण उपभोक्ता बढि मुल्य तिर्न बाध्य भएका हुन । प्रत्येक वर्षको तिहारमा फूल तथा मालाको माग बढ्दै गएकोले आन्तरिक उत्पादनले अझ सम्म पनि मागलाई पुरा गर्न सकेको छैन । यो वर्ष भारतबाट एक करोड ५० लाख रुपैयाँको ३ लाख माला आउने आकलन पनि एसोसियसनको छ ।

तिहारमा मात्र १४ करोड रुपैयाँको फूल तथा माला खपत हुने भएकाले आन्तरिक उत्पादनले मात्रै बजार माग र आपूर्तिको सन्तुलन कायम हुन नसक्ने व्यवसायीहरु बताउछन । वार्षिक कारोवारको ५० प्रतिशत फूल तथा मालाहरू तिहारमा मात्रै खपत हुने गरेको अन्य पुष्प व्यवसायीहरुले बताएका छन । एक बर्षको अवधिमा फूल तथा मालाहरू ३३ देखि ३५ करोड रुपैयाँको खपत हुने गरेको छ ।

यसमा ५० प्रतिशत फूल र माला आयात गर्ने गरेको र माग पनि वार्षिक १५ प्रतिशतले बढ्दै गएको एसोसियसनको भनाई छ । फूलको व्यवसायिक उत्पादन हुन सकेको छैन ।व्यवसायिक रूपमा उत्पादन हुन नसक्दा प्रत्येक वर्ष फूलको लागि पनि भारतकै भरपर्नुपर्ने अवस्था सिर्जना भएको छ । देशमा उत्पादन हुने फूलले नपुगेर आयात गर्नुपर्ने बाध्यता रहेको छ । फूलको व्यापार विशेषगरी तिहारमा नै बढी हुने भएकाले कृषकले व्यावसायिक रूपमा फूल उत्पादन नगर्दा आन्तरीक मागलाई समेत धान्न सक्ने अवस्था कम भएको हो ।

पछिल्लो समय स्थानीयस्तरमा पनि फूल व्यवसाय बढ्दै गएको छ । समयमा बिउ र मल नपाउँदा कृषिकलाई समस्या हुने गरेको छ । एसोसियसनका अनुसार प्रत्येक वर्ष फूल उत्पादक कृषकको संख्या बढ्दै गएको छ । तर, माग पनि बढ्दै गएकोले माग र आपुर्तिको सन्तुलन मिल्न सकेको छैन । सोही कारण फूलको आयात गर्नुपरेको हो ।

तर ग्रामिण क्षेत्रमा अझै पनि फूल उत्पादनमा वेवास्ता नै हुने गरेको छ । खेत बारीको डिलमा समेत खेती गर्न सकिने फूलमा समेत ग्रामिण क्षेत्रका युवाको वेवास्ताले गर्दा उत्पादन हुन सकेको छैन । स्थानीयस्तरमा अधिकांशले आफूलाई मात्र प्रयोग गर्नलाई फूल उत्पादन गर्दा सहर बजारमा बस्नेका लागि फूल आयात गर्नुपर्ने अवस्था बनेको हो । धेरै जसो व्यक्तिलाई व्यावसायिक रूपमा फूल उत्पादनबाटा मुद्राको आयआर्जन हुन्छ भन्ने कुराको ज्ञान अभाव समेत रहेको छ ।

सोही कारण फूल व्यावसायले तीव्रता पाउन नसकेको हो । तर, सहरी क्षेत्रका केही स्थानमा भने व्यावसायिक रूपमा फूलको उत्पादन भएपनि यो साह्रै नगण्य अवस्थाको मात्रै रहेको छ । मुलुकको अधिकांश ग्रामिण क्षेत्र सडक संजालमा आवद्ध भैकसेको हुँदा बाँझो जमिनमा फूल व्यवसाय गरेर आयआर्जन बढाउन सकिने विकल्पको समेत प्रयोग हुन सकेको छैन ।

काठमाडौंमा प्रत्येक वर्ष जसो फूल तथा माला आयात गर्नुपर्ने व्यवसायीले बताए पनि ग्रामिण क्षेत्रमा रहेको फूल बिक्री नै मुख्य समस्या रहेको अधिकांश किसानको गुनासो रहेको छ । कतिपय व्यवसायीहरू कमिसनको लोभमा भारतबाट आयात गरिएका फूलका माला तथा फूल बजारमा पुऱ्याउन तयार हुने तर स्थानीय उत्पादनको बजारीकरणमा निस्कृय रहने गरेको अर्को मुख्य समस्याको रुपमा रहेको किसानहरुको भनाई छ । तर, फ्लोरिकल्चर एसोसिएसनका महासचिव पोखरेल भने स्थानीय स्तरमा खेतबारी बाँझो छोडेर विदेशीने जनशक्ति बढेकाले आन्तरिक उत्पादन बढ्न नसकेको बताउछन ।

नेपालको सायपत्री फूल अमेरिकादेखि युरोपका मुलुकहरूमा पनि निर्यात हुने गरेको छ । नेपालीहरू विभिन्न देशमा छरिएर रहेकाले उनीहरूले नेपालको फूल तिहारको समयमा खरिद गरेर लग्ने गरेको पनि एसोसियसनले बताएको छ । नेपालको सयपत्री फूल निर्यात पनि हुने गरेको छ । तर, कतिको निर्यात हुन्छ भन्ने एकिन तथ्यांकको भने अभाव रहेको छ ।

**फूल नफुल्दा किसान मर्कामा**

धनकुटामा सयपत्रि फूलको पकेट क्षेत्र लाँकुरे, स्याउले र सिप्तेन क्षेत्रमा तिहार लक्षित फूल नफूलेपछि यहाँका किसान थप अन्योलमा परेका छन । धनकुटा नगरपालिका-३ मा एक सयभन्दा बढी किसानले तिहार लक्षित फूल खेती गर्दै आएका छन् ।

यस क्षेत्रबाट हरेक वर्ष तिहारको समयमा ५० लाख रुपैयाँभन्दा बढीको सयपत्री फूल जिल्ला बाहिर जाने गरेकोमा यो बर्ष समयमा फूल नफुल्दा किसानहरु मारमा परेका वडा अध्यक्ष विकास घिमिरेले बताएका छन । किसानहरुको फूल खेतीमा लगानी र व्यापार राम्रो भएकाले २०७५ सालमा वडाले विशेष अनुदानको व्यवस्था गरेर उन्नत जातको फूल खेती कार्यक्रम सुरु गरेको घिमिरेले जानकारी दिए । उनका अनुसार गाउँमा फूल राम्रो उत्पादन भए पनि भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसकेपछि पुन: किसान पारम्परिक खेतीमा फर्कन बाध्य भएका हुन ।

किसानले गाउँभरी लगाएका फूल समसमै नफूल्दा समस्यामा परेको लाँकुरे गाउँका २५ वर्षीय नवीन मल्लले बताए । गतवर्ष पाँच रोपनीमा फूल लगाएर एक लाख ५० हजारमा बेचेका मल्लले यो वर्ष चार रोपनीमा लगाएको फूल भर्खर मात्र फूल्न थालेका छन् । मल्लको जस्तै उक्त गाउँमा ५० भन्दा बढी किसानले लगाएको सयपत्री फूल नफूलेपछि तिहारमा फूल अभाव हुन सक्ने देखिएको छ ।

जल्लामा हाल सयपत्री फूलको व्यवसायिक खेती नभएको र मौसमी खेती मात्र हुनेगरेको कृषि ज्ञान केन्द्र धनकुटाले जानकारी दिएको छ । जलवायु परिवर्तनका कारण मौसम परिवर्तन र कृषि क्षेत्रमा प्रयोग हुने अधिक विषादीका कारण समयमै फूल नफूलेको हुनसक्ने कार्यालय प्रमुख नगेन्द्रबहादुर राणाले जानकारी दिएका छन ।

**माला गास्न भ्याई नभ्याई**

दाङको घोराहीमा फूलखेती गरेका किसानलाई अहिले फूल टिपेर माला गाँस्न भ्याइनभ्याइ भएको छ । तिहार नजिकिएसँगै किसानले फूल टिपेर माला बनाउन थालेका हुन । घोराही उपमहानगरपालिका-१४, झिगौरामा व्यावसायिकरूपमा फूलखेती गरेका लोकेन्द्र रोका मगर अहिले फूल टिपेर माला बनाउन थालेका छन ।

घोराही उपमहानगरपालिका-१३ मा सामूहिक फूलखेती गरेका इन्द्रा बुढा मगरले पनि तिहारका लागि फूलको माला बनाउन सुरु गरेका छन । उनीहरू जस्तै जिल्लामा अहिले फूलखेती गरेका किसानले तिहारका लागि फूल टिप्पने तयारी सुरु गरिरहेका छन । फूलको मालाको बढी माग हुने भएकाले तयारी थालिएको उनीहरूको भनाइ छ ।

माला बनाएर कोल्डस्टोरमा राखिने उनीहरूको भनाइ छ । जिल्लामा मात्र नभई जिल्ला बाहिरबाट समेत फूलको माग आउने गरेको घोराही उपमहानगरपालिका-१४, झिगौरामा जलजला पुष्पखेती फार्मका सञ्चालक लोकेन्द्रले बताए । बाहिर माग भए पनि पहिलो प्राथमिकता जिल्लामा नै दिने गरिएको उनी बताउँछन । जिल्लालाई प्राथमिकता दिएको हुनाले माग भए पनि बाहिर नपठाउने गरेको उनले बताए ।

रोकाले अहिले भारतको कोलकाताबाट अफ्रिकन मेरीगोल्ड जातको सयपत्रीको बीउ ल्याएर व्यावसायिक खेती गर्दै आएका छन् । घोराही बजार नजिकै फूलखेती गरेपछि आफूलाई बजारको कुनै समस्या नभएको रोका बताउँछन् । जिल्लाको घोराही, तुलसीपुर, लमही र भालुवाङ सहरबाटसमेत फूलको माग हुने गरेको छ । पछिल्लो समय सरकारी निकायबाट समेत सहयोग प्राप्त गर्न सफल भएको उनले बताए । घोराही उपमहानगरपालिका-१३ डुम्मर गाउँमा पनि व्यावसायिकरूपमा फूलखेती गरिँदै आएको छ । इन्द्रा बुढाले विगत छ वर्ष पहिलेदेखि व्यावसायिकरूपमा फूल खेती गर्दै आएकी हुन्। उनले पनि अहिले फूले टिपेर माला बनाउन थालेकी छिन । तिहारको लागि मागसमेत हुन थालेको उनको भनाइ छ ।

बुढाका अनुसार उत्पादन भएको फूलको धेरै खपत जिल्लामा नै हुने गरेको छ । माला एक सयदेखि तीन सयसम्म बिक्री गर्ने गरेको उनको भनाइ छ । मालाका डिजाइनअनुसार मूल्य बढी हुने गरेको छ ।

**५० हजार माला भारतताट ल्याइदै**

धरान आसपासमा यसपटक सयपत्री फूल नफुलेपछि व्यवसायीले सयपत्रीका तयारी माला भारतबाट ल्याउने भएका छन । कोलकाताबाट लाखौंको तयारी माला तिहारअगावै ल्याइएको कृषि बजारका व्यवस्थापक लक्ष्मण भट्टराईले बताएका छन । ल्याइएका माला व्यावसायीले धरान-१३ स्थित कृषि बजारमा रहेको कोल्डस्टोर (शितघर) मा भण्डारण गरेका छन ।

हाल एक लाख ५० हजार माला भण्डार गरिएको र थप ५० हजार माला भारतबाट आउँदै गरेको व्यवसायीले कृषि उपजबजारलाई जानकारी गराएको उल्लेख गर्दै उनले नेपाली बजारको फूलबाट १ लाख ५० हजारको माला आउन सक्ने बताए । यो वर्ष नेपालमा फूल फुल्ने समयभन्दा अघि नै तिहार आएकाले स्थानीय उत्पादनको फूल बजारमा कम आउने भएपछि व्यवसायीले तिहार अगाडि नै फूलको माला व्यवस्थापन गरेका हुन । विगत वर्ष २५ प्रतिशत धरानमा भारतबाट फूलका माला आयात गरिँदै आएको थियो तर यस वर्ष भने ७५ प्रतिशत नै तयारी माला भारतबाट आउने सम्भावना रहेको व्यवस्थापक भट्टराईको भनाइ छ ।

उनका अनुसार गत वर्ष एक करोड ६२ लाख फूलको व्यापार भएको थियो । तर यस वर्ष दुई करोडभन्दा बढीको कारोबार हुने अनुमान गरिएको छ । ती फूलका माला प्रतिगोटा ४०-५० रुपैयाँ पर्न सक्छ । यस क्षेत्रमा समयमै फूल नफुलेकाले ती माला प्रतिगोटा एक सय रुपैयाँसम्म पर्न सक्ने भट्टराईले बताए ।

**तिहारको तिन फूल**

तिहारको संस्कृतिमा मौलाएका सयपत्री फूल आज-भोलि सर्वव्यापी, सर्वकालीन पुष्पसामग्री बनिसकेको छ । सभा, गोष्ठी, स्वागत, विदाइ, सम्मान, अभिनन्दन मात्र हैन श्रद्धाञ्जलीमा समेत सयपत्रीले आफ्नो आधिपत्य जमाइसकेको छ ।

नामले सयपत्री भनिए तापनि एउटै भेट्नोमाथि फक्रेको यस फूलको प्रत्येक पत्र स्वयंमा पृथक् फूल हो । सयपत्री फूल सयौं फूलको पुष्पपुञ्ज हो ।

अनेकौं थरीका सयपत्री अर्थात् मेरिगोल्ड विश्वबजारमा सजिलै पाइन्छ । नेपाली तिहारलाई सिंगार्ने सयपत्रीका फूलहरू दुई समूहमा छुट्याउन सकिन्छ । सानो कदको, सानै फूल फुल्ने र सजिलै माला उन्न मिल्ने तथा फूल पनि नझर्ने, नओइलाउने र रंग पनि नखुइलिने सयपत्रीहरू फ्रेन्च मेरिगोल्ड समूहमा पर्छन । यस समूहका सयपत्री फूलका बाहिरी पुष्पिका फैलिएर फक्रन्छन । तसर्थ यिनको वैज्ञानिक नाम पनि टागेटिस पाटुला पर्न गएको छ ।

ठूलो खाले सयपत्री फूललाई सामान्यत: अफ्रिकन मेरिगोल्ड भनिन्छ । पुष्पबजारमा यिनको वैकल्पिक नाम अमेरिकन मेरिगोल्ड पनि हो । यिनका फूलहरू डल्लो आकारमा फक्रन्छन ।

दक्षिण अमेरिकी महादेशको ब्राजिल, पानामा र ग्वाटेमाला क्षेत्रबाट भित्रिएको अर्को फूलको रुपमा मखमली फूल रहेको छ । सुपारी जस्तो गोलाकार मखमली फूल पनि सयपत्री झैं सयौं फूलको पुष्पपुञ्ज हो ।

मखमली फूल सयपत्री भन्दा पृथक् एमारान्थेसी वानस्पतिक परिवारमा पर्छ । उक्त परिवारमा हामीले खाने लट्टे र बगैंचामा फुल्ने कुखुराको सिउर जस्तो फूल आदि पर्छन् । वनस्पति जगतमा मखमलीलाई सिलोसिया ग्लोबोसा भनिन्छ । ग्लोबोसा शब्दले डल्लो भन्ने जनाउँछ । त्यसैले मखमलीलाई नेपाल भाषामा ग्वे स्वाँ (सुपारी फूल) भनिन्छ।

तिहारको रोमाञ्चकारी पुष्प वैभवमा गोदावरी फूलको विशिष्टता बेग्लै छ । यो बिरुवा पनि सयपत्री फूलकै परिवारभित्र पर्ने भएकोले गोदावरीका प्रत्येक पुष्पतरेली एक पृथक् फूल हुन आउँछ । गोदावरी फूलको सौन्दर्य विश्वमा सम्मानित छ । जुन फूललाई हामी गोदावरी भन्छौं त्यसलाई इस्लामिक संसारमा गुलदाउदी भनिन्छ । धर्मगुरु दाउदको नाममा यो समर्पित छ । यूरोप, अमेरिका, अष्ट्रेलिया, क्यानडालगायत अन्यत्र यसको प्रचलित नाम हो क्रिसान्थेमम। ग्रीक भाषामा क्रायोस भनेको सुन वा सुनौलो र एन्थेमोन को अर्थ फूल हो । गोदावरी अनेकौं रंग र आकारमा फक्रिन्छ । यस फूललाई विश्वमा नोभेम्बर फ्लावर पनि भन्ने चलन रही आएको छ ।

का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



जिम्बावेले आइसिसी विश्वकप २०२२ मा स्कटल्यान्डलाई ५ विकेटले पराजित गर्दै सुपर १२ मा स्थान बनाएको छ । योसँगै सुपर १२ मा पुग्ने चारै टोलीको टुङ्गो लागेको छ



रोबर्ट लेवान्डोस्कीले आफ्नो करियरको ६ सयौँ गोल पुरा गर्दा बार्सिलोनाले स्पेनिस ला लिगामा भिल्लेरियालमाथि सहज जीत हासिल गरेको छ । बिहीबार थप दुई गोल गरेसंगै गोल संख्या ६ सय १ पुगेको हो

# दक्षिण भारतको देवदासी प्रथाको व्यथा कथा

**“ देवदासीहरूको कुनै निश्चित उमेर छैन । पाँच वर्षकी केटी देवदासी बन्न सक्छिन् र दस वर्षकी पनि । देवदासी हुने बालिका दलित परिवारका मात्र हुन्छन् । उनीहरूलाई सधैं खुशी मानिन्छ । उनलाई पार्वतीकी बहिनी र शिवकी दोस्रो पत्नी पनि भनिन्छ । विवाहमा सबैभन्दा पहिले पाँच देवदासीलाई भोजन खुवाइन्छ**



एजेन्सी । देवदासी। यो नाम हामी सबैले सुनेको हुनुपर्छ। कोसैले कथामा र कसैले चलचित्रमा । देवदासी भन्नाले धर्मको नाममा यौन दास बनाएर राखिएका देवताका तथाकथित दास हुन् । बूढो हुँदै जाँदा उनलाई भिख माग्न छोडिइन्छ। अचम्म नमान्नुहोस् यो चलन उहिलेको राजा र सम्राटको पालाको होइन, आज पनि छ ।

देवदासीहरूको गढ अर्थात् उत्तरी कर्नाटकको कोप्पल जिल्ला, बैंगलोरबाट ४०० किलोमिटर टाढा अवस्थित छ। पूर्णिमाको रातमा चन्द्रमामा नुहाएर हुलागुम्मा देवीको मन्दिरमा भक्तजनको भीड लाग्ने गर्छ । हुडो, हुडो .. . . श्लोक चारैतिर हावामा तरंगित भइरहेको हुन्छ । यस श्लोकको पाठ गर्ने प्रत्येक तेस्रो महिलाको घाँटीमा सेतो र रातो मोतीको माला अर्थात मणिमाला हुन्छ। हातमा हरियो चुरा र पातलो चाँदीको ब्रेसलेट हुन्छ । बत्ती बालिरहेका हुन्छन् । उनको हातमा बाँसको टोकरी हुन्छ । जसलाई यहाँका जनता पडल्गी भन्छन् । यसमा बेसार-कुमकुम, अन्न, तरकारी, धूप, धूप, सुपारी, केरा र दक्षिणा राखिन्छ ।

पाडल्गीमा राखिएका वस्तुहरू देवी मातालाई अर्पण गरिरहेका हुन्छन् । तिनीहरूको पहिचान मन्दिरमा उपस्थित अन्य मानिसहरू भन्दा फरक हुन्छ । त्यहाँ उपस्थित एक व्यक्तिलाई सोध्दा थाहा भयो यी महिला देवदासी हुन् । तिनीहरू पूर्णिमाको रातको लागि विशेष प्रतीक्षा गर्छन् । उनीहरु आफ्नो देवीलाई खुसी पार्न यस मन्दिरमा आउने गर्छन् । मन्दिरमा यता उता हेरें । मन्दिरमा पूजा गरिरहेकी २२ वर्षीया बसम्मा । सोध्दा उनी भन्छिन्– म तीन वर्षअघि देवदासी भएँ ।

बुढेसकालको साथका कारण आमाबुवाले उनलाई देवदासी बनाए । त्यसबेलादेखि म यहाँ भीख माग्दै बाँचिरहेको छु । यहाँबाट करिब १५ किलोमिटर पैदल हिडेपछि विजयनगर जिल्लाको उक्काकेरी गाउँ भेटिन्छ । यसलाई देवदासीहरूको गढ भनिन्छ ।

साँघुरो गल्ली हुँदै देवदासी लक्ष्मीको घर पुगें । आश्रय जस्तो झुपडी, जहाँ उनी आफ्ना पाँच छोराछोरीसँग बस्छिन् । नुहाउने, खाने, सुत्ने सबै एउटै झुपडीमा हुन्छ । जमिनमा सानो खाडल खनेर अचार पिस्ने उपाय बनाएका छन् ।

लक्ष्मीकी छोरी जया भन्छिन्, ‘धेरै पानी परेपछि झुपडीमा पानी पस्छ । के खाने, कहाँ बस्ने थाहा छैन । भन्नुहोस्, के हामी मर्नु पर्ने हो ? आँखाभरी आँसु पार्दै जया भन्छिन्, ‘हामी यस्तो हालतमा छौं कि बुवाको नाम पनि थाहा छैन । थाहा भए पनि उसले डरले नाम लिनेछैन, किनकी त्यो बाबु या त पण्डित वा गाउँका मुखिया वा गुण्डा होला । जस्ले आमालाई वस्तु झैं उपयोग गर्यो र भोक मेटिएपछि छोडेर गयो ।

यहाँबाट निस्कँदा उल्लिमा हलुका हरियो साडीमा घरबाहिर बसेकी थिइन् । उमेर ५० वर्षको आसपास । उनी भन्छिन् हामी ६ दिदीबहिनी थियौं । दुईजनालाई आमाबुवाले देवदासी बनाएका थिए भने चारजनाले विवाह गरेका थिए । मेरो पुजारी मसँग तीन वर्ष सुत्यो । ऊ बाट मेरा दुई सन्तान थिए । त्यस पछि उसले मलाई छोडेर गयो । मलाई मात्र थाहा छ मैले कसरी जीविकोपार्जन गरेको छु । जङ्गलबाट ५०-५० केजी काठ ल्याउर बन्डल बनाएर सहरमा बेच्ने गर्थें । एक दिनमा बढीमा दश रुपैयाँ हात लाग्थ्यो । कहिलेकाहीं केटाकेटीहरू भोकै रहन्थे। भीख मागेर बाँच्नुपरेको थियो । देवदासी भएर मैले पाएको पीडा कुनै महिलाले भोग्नु नपरोस् । यो धर्तीको सबैभन्दा ठूलो श्राप भनेको देवदासी हुनु हो ।

उल्लिमा भन्छिन्– देवदासी घरको मुखिया हुन्, घरकी केटा हुन् तर यथार्थ हामी देवदासीहरू शूद्र हौं । माथिल्लो जातका मानिसहरूले हामीसँग चाहेजति सम्बन्ध राख्छन् । हामी गर्भवती भइसकेपछि फेरि अनुहार देखाउँदैनन् । उनी आफ्ना छोराछोरीलाई भेट्न पनि आउँदैनन् । विवाहित दिदीबहिनी घरमा आउँदा धेरै हेरचाह गरिन्छ। उनीहरुलाई चुरा, पायल र लुगा दिइन्छ । देवदासीको सीमा पर्खाल भित्र बस्नु पर्छ । कतै आउन जान पाइदैन। कहिलेकाहीं अरू जोडाजोडी भएर हिडेको देख्दा मलाई धेरै दुःख लाग्छ।

यस गाउँकी ६५ वर्षीया पार्वती भन्छिन्, दस वर्षको उमेरमा मलाई देवदासी बनाइयो । मेरो पुजारीबाट दुई छोरी र एक छोरा जन्मिए । ठूलो भएपछि छोराले मलाई छोडेर गयो । मैले दुवै छोरीलाई जसरी पनि बिहे गरें । अहिले म यो घरमा एक्लै बस्छु ।

पुजारीबाट कुनै आर्थिक सहयोग प्राप्त भएको छैन । मेरो कमाइले उनी खान्थे । जीविकोपार्जनका लागि या त तरकारी बेच्थें वा खेतमा काम गर्थें । छोराछोरीको जन्मदेखि बिहेसम्मको खर्च मैले नै बेहोरेको छु ।

पुजारी मरेपछि म उनको घर गएँ । उनको परिवारले मलाई घरभित्र पस्न दिएनन् । कर्नाटक राज्य देवदासी महिदयारा विमोचना संघ के प्रदेश उपाध्यक्ष के. नगरतनका अनुसार दक्षिण भारतमा सयौं स्थानीय देवताहरू छन्, जसको नाममा केटीहरूलाई देवदासी बनाइन्छ । तीमध्ये तीन मुख्य देवीहरू छन् । हुलागिम्मा, येल्लम्मा र होसुरम्मा । यी तीन जना दिदीबहिनी हुन् ।

देवदासीहरूको कुनै निश्चित उमेर छैन । पाँच वर्षकी केटी देवदासी बन्न सक्छिन् र दस वर्षकी पनि । देवदासी हुने बालिका दलित परिवारका मात्र हुन्छन् ।

उनीहरुलाई सधैं खुशी मानिन्छ । उनलाई पार्वतीकी बहिनी र शिवकी दोस्रो पत्नी पनि भनिन्छ । विवाहमा सबैभन्दा पहिले पाँच देवदासीलाई भोजन खुवाइन्छ ।

आज पनि हरेक वर्ष उचिङिमा मन्दिरमा मेला लाग्ने गर्दछ, जहाँ देवदासीको शरीरमा नीमको पात बाँधेर देवीको रथसँगै हिँड्नुपर्छ । पहिले भाकल पूरा भएपछि देवदासी बनाइन्थे, पछि दबाब दिएर बनाउन थाले । दलित हकुगढ समिति शोषण मुक्ति संघका तालुक प्रमुख सत्यमूर्तिले यो परम्परा वर्षौंदेखि चल्दै आएको बताउँछन् । यहाँको जरो पहिल्याउँदा गाउँमा कुनै समय छोरी जन्मिए देवदासी बन्नुपर्थ्यो ।

गाउँको मुखिया वा कुनै दबदबा व्यक्तिको मन कुनै केटीमा छ भने उसले आफ्ना चेलाहरूमार्फत उनको परिवारलाई देवदासी बन्न दबाब दिन्छन्। तिम्रा घरको संकट टर्छ भनी फकाउँछन्, तिम्री छोरीलाई देवदासी बनाउ भन्छन् ।

**आखिर किन देवदासी प्रथा दक्षिण भारतमा मात्रै ?**

डा अमित वर्मा भन्छन् कि देवदासी परम्परा उत्तर भारतको तुलनामा दक्षिण भारतका मन्दिरहरूमा बलियो भयो । यसको पछाडि सबैभन्दा ठूलो कारण उत्तर भारतमा विदेशी आक्रमणकारीहरूको निरन्तर आगमन थियो । यस्तो अवस्थामा दक्षिण भारतको जस्तो यहाँ मन्दिर संस्कृतिको विकास हुन सकेन ।

दक्षिण भारतका मन्दिरहरू पूजासँगै संस्कृति, कला, नृत्य, अर्थ र न्यायको केन्द्र हुन्थ्यो । भरतनाट्यम, कथक जस्ता नृत्यहरू मन्दिरबाट उत्पन्न भएका हुन् । यी मन्दिरहरूबाट देवदासी प्रथा पनि उत्पत्ति भएको हो । प्रारम्भमा देवदासीहरूको स्थिति धेरै बलियो थियो । समाजमा उनीहरूको सम्मान थियो । त्यसपछि देवदासीहरू दुई प्रकारका भए । एक जो नाच्ने गर्थे र अर्को मन्दिरको हेरचाह गर्ने ।

अमित वर्मा भन्छन्, ‘पहिले धेरै बच्चा जन्माउने गर्थे, तर रोग र उचित उपचारको अभावका कारण थोरै बच्चाहरू बाँच्दैनथे । यस्तो अवस्थामा उनका आमाबुवा मन्दिरमा गएर मेरो छोरी बाँचे भने एउटी छोरीलाई देवदासी बनाउने भाकल गर्न थाले । यसरी यो परम्परा चलिरह्यो । आफ्नो मनोकामना पूरा भएपछि मानिसहरूले परिवारकी एक छोरीलाई देवदासी बनाउन थाले ।

# प्रधानमन्त्री कपको विजेताले १० लाख पाउने



**“ दोस्रो संस्करण २०१८ को फाइनलमा एपिएफले आर्मीलाई ६ विकेटले हराउँदै उपाधि जितेको थियो । तेस्रो संस्करण २०१९ मा पुलिसले आर्मीलाई ४ विकेटले हराउँदै उपाधि जितेको थियो**

■ **सौर्य समाचार**

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले पाँचौं संस्करणको प्रधानमन्त्री कप एकदिवसिय राष्ट्रिय प्रतियोगिता विजेता टोलीलाई १० लाख रुपैयाँ दिने भएको छ । प्रधानमन्त्री कप कार्तिक १३ देखि २६ सम्म काठमाडौंमा सुरु हुँदैछ ।

क्यानका कोषाध्यक्ष रोशन सिंहका अनुसार प्रधानमन्त्री कपको विजेताले १० लाख र उपविजेता टोलीले ५ लाख पाउनेछन् । त्यस्तै प्रतियोगिता सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ पाउने भएका छन् । प्रतियोगिता उत्कृष्ट ब्याटर र बलरले समान २० हजार पाउनेछन् । प्रतियोगिता उदीयमान खेलाडीले १० हजार प्राप्त गर्नेछन् ।

रोशनका अनुसार क्यानले खेलाडीको यातयात, खाना, बस्न सबै सेवालाई छाडेर म्याच फी १५ सय दिने भएको छ । हामीले म्याच फी १५ सय दिने छौं । प्रतियोगिताको अनुमाति कुल बजेत १ करोड ४७ लाख छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले ६० लाख र अन्य क्यानले आन्तरिक श्रोतबाट पूरा गर्नेछ, रोशनले भने ।

राखेपको कार्यक्रम अन्तर्गत क्यानले आयोजना गर्दै आएको छ । रोशनका अनुसार क्यानले सबै ४३ जिल्लालाई जर्सी उपलब्ध गराएको छ । हरेक जिल्लालाई २० हजार र १२ प्रति बल यस छनोटको लागि दिएको छ । प्रदेशलाई भने ६० हजार छनोटको लागि पठाएको छ । म्यान अफ द म्याचले तीन हजार पाउनेछन् ।

समुह ए मा नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश छन् । समुह बि मा नेपाल पुलिस क्लब, बागमती, लुम्बिनी, मधेश र प्रदेश एक छन् । पहिलो दिन टियुमा आर्मी र एपीएफबीच प्रतिस्पर्धा हुने छ । उता मुलपानीमा पुलिस र बागमती भिड्ने छन् ।

फाइनल कार्तिक २६ मा हुने छ । कार्तिक २४ मा सेमिफाइनल हुने छ । समूह एको बिजेता र समुह बि को उप विजेता टियुमा पहिलो सेमिफाइनल खेल्ने छन् । समुह बि को विजेता र समूह ए को उप विजेताले मुलपानीमा दोस्रो सेमिफाइनल खेल्ने छन् ।

पहिलो संस्करणको फाइनल वर्षाको कारण प्रभावित हुँदा उपाधि नेपाल आर्मी र नेपाल पुलिस क्लबले संयुक्त रुपमा बाँडेका थिए । दोस्रो संस्करण २०१८ को फाइनलमा एपिएफले आर्मीलाई ६ विकेटले हराउँदै उपाधि जितेको थियो । तेस्रो संस्करण २०१९ मा पुलिसले आर्मीलाई ४ विकेटले हराउँदै उपाधि जितेको थियो ।

चौथो संस्करणको फाइनलमा एपिएफलाई ३३ रनले हराउँदै आर्मीले उपाधि जितेको थियो । गतवर्ष नेपालले टि२० विश्वकप ग्लोबल छनोट ए खेल्ने भएपछि एकदिवसियको सट्टा क्यानले टि२० शैलीमा गरेको थियो । गतवर्ष टि२० राष्ट्रिय प्रतियोगिता उपाधि एपिएफले पुलिसलाई २१ रनले हराउँदै उपाधि जितेको थियो ।

# शेख रसेल चेसमा बंगलादेश पहिलो, नेपाल तेस्रो




■ **एजेन्सी**

ढाका । शेख रसेल कप अन्तर्राष्ट्रिय आमन्त्रण टिम चेस च्याम्पियनशीपको उपाधि बंगलादेशले जितेको छ । बिहीबार सम्पन्न सुपर लिगको अन्तिम खेलमा नेपाललाई ४-० ले पराजित गर्दै आयोजक बंगलादेश च्याम्पियन बनेको हो ।

समान तीन-तीन म्याच प्वाईन्ट बनाएको श्रीलंकालाई गेम प्वाईन्टमा पछि पारेको बंगलादेशले ४ हजार अमेरिकी डलर नगद पुरस्कार प्राप्त गरेको छ । दोस्रो स्थानमा रहन सफल श्रीलंकाले ३ हजार अमेरिकी डलर पाउँदा तेस्रो भएको नेपालले २ हजार अमेरिकी डलर हात पारेको छ । लिग चरणमा चौथो स्थानमा रहेको पाकिस्तानले नगद १ हजार अमेरिकी डलर पुरस्कार हासिल गरेको छ ।

बंगलादेशको राजधानी ढाकामा गत अक्टोबर १२ देखि शुरु भएको च्याम्पियनशीपमा नेपाल, बंगलादेश, भुटान, श्रीलंका, माल्दिभ्स र पाकिस्तानको सहभागिता थियो । राउण्ड रोबिन प्रणालिबाट अंकतालिकाको शीर्ष स्थानमा रहन सफल ३ टोलि सुपर लिगमा प्रवेश गरेका थिए । नेपाली टिम सुपर लिगका दुबै खेलमा पराजय व्यहोर्न पुग्यो । च्याम्पियनशीपको अन्तिम खेलमा बंगलादेशले नेपालविरुद्ध ३ ग्रान्डमास्टर र १ ईन्टरनेशनलमास्टरलाई प्रतिष्पर्धा गराएको थियो ।

पहिलो बोर्डमा ग्रान्डमास्टर ईनामुल हुसेनले नेपाली फिडेमास्टर रिजेन्द्र राजभण्डारीलाई हराए । दोस्रो बोर्डमा बिलमलाल श्रेष्ठलाई अर्का ग्रान्डमास्टर जिउर रहमानले पराजित गरे ।

तेश्रो बोर्डमा खेलेका सिंगेश्वर दासलाई ग्रान्डमास्टर नियाज मुर्सीदले हार चखाए भने चौथो बोर्डमा प्रतिष्पर्धा गरेका राजेन्द्र बज्राचार्य बंगलादेशी ईन्टरनेशनलमास्टर मोहमद फहाद रहमानसँग अंक गुमाउन पुगे ।

व्यक्तिगत विधातर्फ पहिलो बोर्डमा रिजेन्द्र, दोश्रो बोर्डमा बिलमलाल र तेश्रो बोर्डतर्फ सिंगेश्वर दासले काँस्य पदक प्राप्त गरे । ६ सदस्यीय नेपाली टोली शुक्रबार स्वदेश फर्किने छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्धारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी